# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ७४ | काठमाडौं | बिहीबार, २१ असार २०८० | Prabhab National Daily | Thursday, July 06, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

## हडबडीपन दोहोऱ्याउँदै सभामुख घिमिरे



- भारत भ्रमणपछि सदनमा जवाफ दिन प्रधानमन्त्री पुष्पकमल दाहाल रोस्ट्रममा उभिँदा पनि सभामुख घिमिरेमाथि 'एमाले' हाबी भएको आरोप लागेको थियो
- सभामुखको हडबडाहडकै कारण अघिल्लो बुधबार ध्वनी मतले पारित गरिसकेको बजेट पुनः मतदानमा लगियो
- यो बुधबार पनि सभामुख हडबडिँदा बोलिरहेको सांसदलाई वास्तै नगरी बैठक स्थगित गरिदिए

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले सभा सञ्चालनका क्रममा आफ्नो हडबडापन पटक-पटक दोहोऱ्याउन थालेका छन् । सभामुख चुनिनासाथ विवादमा तानिएका घिमिरेले एकपछि अर्को गर्दै अत्तालिएर सभा सञ्चालन गरेको दृश्य सदनमा देखिन थालेको हो । बुधबार भयो त्यस्तै ।

प्रधानमन्त्री पुष्पकमल दाहालको पछिल्लो भनाइलाई लिएर प्रमुख प्रतिपक्षी दल नेकपा एमाले आक्रोशित थियो । बुधबार नै संसदीय बैठक डाकेर एमाले अध्यक्ष केपी शर्मा ओलीले संसद्मा प्रधानमन्त्री दाहालको राजीनामा माग्ने निर्णय गराए ।

दिउँसो ३ बजेका लागि बेलाइएको संसद् बैठकमा एमाले अध्यक्ष ओली पनि पुगे । हत्तपत्त संसद्मा हाजिर नहुने ओली प्रधानमन्त्रीको राजीनामा माग्ने कार्यक्रम भएपछि पुग्ने नै भयो । बुधबार चारवटा विधेयक सदनमा टेबल गर्ने सम्भावित कार्यसूची थियो । सभामुख देवराज घिमिरेले प्रतिनिधिसभाको औपचारिक सुरुआत गर्नासाथ एमाले र राष्ट्रिय स्वतन्त्र पार्टीले उठेर विरोध जनाए । लगत्तै सभामुखले एमालेका रघुजी पन्तलाई बोल्ने समय दिए । पन्तले नेपालीहरूको मनमा बादल लागेको छ भन्दै प्रधानमन्त्रीको राजीनामाको प्रसंग कोटचाए । 'आज नेपालीहरूको मनमा बादल लागेको छ, नेपालीहरूको स्वाभिमानमा ठेस लागेको छ,' पन्तले भने, 'त्यो पनि अरु कसैबाट होइन । सम्माननीय प्रधानमन्त्रीज्यूबाट । प्रधानमन्त्रीज्यू पनि भनुँ कि नभनुँ लाग्छ कहिलेकहीँ ।'

सरदार प्रितम सिंहकी छोरी किरणदीप सन्धुले लेखेको किताब विमोचन कार्यक्रममा प्रधानमन्त्री दाहालले दिएको अभिव्यक्तिले नेपालीको मनमा बादल लागेको पन्तको भनाइ थियो । प्रधानमन्त्रीको भनाइ पेस गर्दै नेपालको प्रधानमन्त्री बनाउन दिल्लीतिर जानुपर्ने कस्तो बाध्यता आइपऱ्यो भनी प्रश्न गरे । 'नेपालको प्रधानमन्त्री बनाउन नेपाली जनतातिर फर्कने कि दिल्लीतिर जाने हो । नेपालको प्रधानमन्त्री बनाउने दिल्ली जानुपर्ने ?,' त्यसपछि आक्रोशित देखिएका पन्तले प्रधानमन्त्रीको राजीनामा नआई सदन चल्नै नदिने अडान राखे । झण्डै १० मिनेट पन्तले बोलेपछि सभामुखले दैनिक कार्यसूचीमा बैठक प्रवेश गराए । एमालेको विरोधका बाबजुद घिमिरेले माओवादी केन्द्रकी सांसद छिरिङल्हामु लामा तामाङलाई बोल्ने समय दिए ।

तामाङलाई बोल्न दिएपछि राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपा र राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपा पनि एमालेकै कित्तामा उभिए । सांसद तामाङ जुम्लामा भएको जातीय विभेदको समस्या सदनमा उठाउँदै थिइन् । सांसद बोल्दै गर्दा (**बाँकी पृष्ठ २ मा**)

## 'बोली'ले संकटमा प्रधानमन्त्री

हामीलाई स्पष्टीकरण होइन, प्रधानमन्त्रीको राजीनामा चाहिन्छ ।

■ **केपी शर्मा ओली**
**अध्यक्ष, नेकपा एमाले**

—०००—

हाम्रा विपक्षीहरुमा कति धेरै विक्षिप्तता छ ? कति धेरै पूर्वाग्रह छ भन्ने देखियो ।

■ **पुष्पकमल दाहाल**
**प्रधानमन्त्री**



■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल गैरजिम्मेवार अभिव्यक्तिले चौतर्फी आलोचित भएका छन् । उनी आलोचित भएको आफूलाई प्रधानमन्त्री बनाउन एक जना भारतीय यातायात व्यवसायी प्रितम सिंहको दिल्ली दौड पटकपटक भएको भन्ने अभिव्यक्तिले हो ।

उनले सोमबार सिंहको जीवनमा आधारित एउटा पुस्तकको विमोचन कार्यक्रममा भनेका थिए, 'उहाँ (प्रितम)ले एकपटक मलाई प्रधानमन्त्री बनाउन धेरै मिहेनत गर्नुभयो । धेरैचोटी दिल्ली जानुभयो ।'

यही गैरजिम्मेवारीपूर्ण अभिव्यक्तिले प्रधानमन्त्री दाहाल निकै अप्ठेरोमा परेका छन् । प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्रीको राजीनामा नै मागेका छन् । संसद् भवनबाहिर बुधबार दिउँसो पत्रकारहरूसँग ओलीले भने, 'हामीलाई स्पष्टीकरण होइन, प्रधानमन्त्रीको राजीनामा चाहिन्छ ।'

**प्रधानमन्त्रीको विवादास्पद अभिव्यक्तिः**
*'उहाँ (प्रितम सिंह)ले एकपटक मलाई प्रधानमन्त्री बनाउन धेरै मिहेनत गर्नुभयो । धेरैचोटी दिल्ली जानुभयो ।'*

ओलीका अनुसार प्रधानमन्त्री दाहालको अभिव्यक्तिले राष्ट्रिय स्वाभिमान, स्वाधीनता, संविधान र संसद्माथि घोर अपमान गरेको छ । एमाले सांसद रघुजी पन्तले संसद् बैठकमै प्रधानमन्त्रीको अभिव्यक्तिप्रति गम्भीर आपत्ति जनाउँदै राजीनामा अनिवार्य भएको औंल्याए । 'प्रधानमन्त्रीले जे भन्नुभएको छ, नैतिकताको आधारमा राजीनामा दिनुपर्छ,' पन्तले संसद् बैठकमा भने, 'दिल्लीले बनाउने प्रधानमन्त्री चाहिँदैन । प्रधानमन्त्रीको राजीनामा नआएसम्म यो संसद् अघि बढ्न सक्दैन ।'

सांसद पन्तले यसो भनेपछि एमाले, रास्वपा र राप्रपाका सांसदहरू बेलअघि भेला भएका थिए । संसद् बैठक अवरोध गरे । यसपछि सभामुख देवराज घिमिरेले बैठक आधा घण्टाका लागि स्थगित गरे । अन्ततः बैठक नै बस्न सकेन । बैठक भोलि दिउँसो ३ बजे बस्ने भएको छ ।

राष्ट्रिय सभामा पनि एमाले संसदीय दलका नेता देवेन्द्र दाहालले प्रधानमन्त्रीको अभिव्यक्ति राष्ट्रलाई कमजोर पार्ने खालको भन्दै राजीनामाको माग गरे । 'हाम्रो देशको प्रधानमन्त्री कसले बनाउँछ ? कसको इशारामा नियुक्ति हुन्छ ? प्रधानमन्त्रीलाई सार्वभौम संसद्ले बनाउँछ कि भारतले बनाउँछ,' उनले थप आक्रोशित हुँदै भने, 'दिल्लीको इशारामा प्रधानमन्त्री बन्नुभएको हो भने स्वीकार्य छैन । उहाँले राजीनामा दिनुपर्छ ।'

दाहालको अभिव्यक्तिलाई लिएर सत्तारुढ प्रमुख दल नेपाली कांग्रेस पनि सन्तुष्ट छैन । कांग्रेस दाहालको अभिव्यक्तिको विरुद्धमा छ । महामन्त्रीसमेत रहेका सांसद विश्वप्रकाश शर्माले बुधबार कांग्रेसको स्पष्टरूपमा विमति रहेको बताए ।

'प्रधानमन्त्रीको संसद्प्रति राख्ने गरिमालाई बढाउने कुरा, राष्ट्रिय सम्मानलाई अभिवृद्धि गर्ने कुरामा ध्यान हुनुपर्छ,' शर्माले भने, 'यसमा मेरो विमति छ ।'

प्रधानमन्त्री दाहालको अभिव्यक्तिलाई संसद्का अन्य विपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले पनि विरोध गरे ।

नेपालमा पहिलोपटक छ चक्के ट्रक ल्याएका सरदार समुदायका प्रितम सिंहमाथि किरणदीप सन्धुले लेखेको पुस्तक 'रोड्स टु द भ्याली : द लिगेसी अफ सरदार प्रितम सिंह इन नेपाल' विमोचन कार्यक्रममा दाहालले विवादास्पद अभिव्यक्ति दिएका हुन् । आफ्नै अभिव्यक्तिले दाहाल यतिबेला निकै अप्ठ्यारोमा छन् । तर, दाहालले भने विपक्षी दलहरूले विक्षिप्त र पूर्वाग्रही भएर (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

### स्वचालित प्रणालीमा श्रम स्वीकृतिको तयारी

## धमाधम तालिम लिँदै व्यवसायी




■ **प्रभाव संवाददाता**

**काठमाडौं-** सरकारले आगामी साउन १ गतेदेखि वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेइम्स)मा स्वचालित प्रणाली (अटो मेसन) लागू गर्ने भएपछि वैदेशिक रोजगार व्यवसायीलाई तालिम दिन थालिएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको वैदेशिक रोजगार विभागले विदेश कामदार पठाउँदा अन्तिम श्रम स्वीकृति लिने प्रक्रियालाई अटो मेसन प्रणालीमा लैजानका लागि व्यवसायीहरूलाई बुधबारदेखि तालिम दिन सुरु गरेको हो ।

सबै व्यवसायीलाई एकैपटक तालिम दिन कठिनाइ भएका कारण निश्चित संख्या तोकी चार दिनसम्म तालिम सञ्चालन हुने वैदेशिक रोजगार व्यवसायी संघले जनाएको छ । बुधबारबाट सुरु भएको तालिम शनिबार (२३ असार)सम्म चल्ने बताइएको छ । विभागले संघको समन्वयमा तालिम सञ्चालन गरेको हो । पहिलो दिनको तालिममा ३०० भन्दा बढी व्यवसायी सहभागी भएको संघका महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए ।

'दैनिक दुई सेसन तालिम सञ्चालन गर्ने तयारी भए पनि व्यवसायीले समय व्यवस्थापन गर्न नसक्दा तालिका परिवर्तन गरिएको छ,' उनले भने, 'व्यवसायीका लागि अति नै आवश्यक यो तालिम दुवै सेसन मर्ज गरी दैनिक एकपटक सञ्चालन गरिनेछ ।' तालिमबाट महत्त्वपूर्ण लाभ लिन महासचिव भुर्तेलले सबै व्यवसायीलाई अनिवार्य सहभागी हुन आग्रह गरे ।

विभागले तालिममा एक जना म्यानपावर सञ्चालक अनिवार्य र कम्पनीले सिफारिस गरेको एक जना कर्मचारी गरी एक संस्थाबाट दुई जनालाई सहभागी गराइएको छ । विभागले व्यवसायीलाई जिम्मेवार र उत्तरदायी बनाउन भन्दै श्रम स्वीकृतिसम्बन्धी सबै गतिविधि अटो मेसन प्रणालीमा लैजान लागेको जनाएको छ ।

तालिम उद्घाटनका क्रममा विभागका निर्देशक गुरुदत्त सुवेदीले फेइम्स संयन्त्रमा अटो मेसन प्रणाली सञ्चालनमा व्यवसायीलाई सरल, सहज पहुँच र जिम्मेवार बनाउन तालिमको व्यवस्था गरेको बताए । उनले श्रमसम्बन्धी सेवा प्रवाहमा 'क्यासलेस', 'पेपरलेस' र 'फेसलेस' (नगदरहित, कागजरहित र भौतिक उपस्थितिविना)को व्यवस्था गर्ने सरकारको नीति रहेको उल्लेख गर्दै यस तालिमले व्यवसायीको क्षमतामासमेत बढाउने बताए ।

वैदेशिक रोजगार कार्यालय ताहाचलकी प्रमुख पार्वती अर्यालले अटो मेसन प्रणालीका कारण व्यवसायीको समय बचत हुनुका साथै सरकारी कार्यालय धाइरहनुपर्ने बाध्यता अन्त्य हुने बताइन् । उनले वैदेशिक रोजगार क्षेत्रलाई पारदर्शी, मर्यादित बनाउन र व्यवसायीलाई थप जिम्मेवार महसुस गराउन पनि तालिमले सहयोग गर्ने बताइन् । उनले अटो मेसन प्रणाली सञ्चालनमा आएपश्चात् माग प्रमाणीकरणदेखि श्रम स्वीकृतिका सबै काम स्वतः अनलाइनमार्फत नै हुने बताइन् ।

यस्तै संघका अध्यक्ष राजेन्द्र भण्डारीले सरकारले व्यवस्था गर्न लागेको अटो मेसन प्रणालीको स्वागत गरे । उनले यो प्रणालीले व्यवसायीलाई थप जिम्मेवार बनाउन प्रोत्साहन गरेको बताए । उनले व्यवसायीलाई नै श्रमसम्बन्धी गतिविधिमा प्रत्यक्ष संलग्न गराउने सकारको निर्णयले वैदेशिक रोजगार क्षेत्रमा परिवर्तनको सुरुआत भएको बताए । सरकारसँग सँगसँगै हातेमाले गर्दै अगाडि बढ्ने प्रतिबद्धतासमेत अध्यक्ष भण्डारीले व्यक्त गरे ।

### मकाउ पठाइदिन्छु भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि मकाउ पठाइदिन्छु ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । आकर्षक तलबसहित मकाउमा रोजगारी लगाइदिने भन्दै पीडितबाट रकम संकलन गरी फरार रहेको आरोपमा दुर्गाबहादुर रेग्मीलाई प्रहरीले पक्राउ गरेको हो ।

गोरखाको गण्डकी गाउँपालिका-८ स्थायी घर भई ललितपुर गोदावरी बस्ने ५१ वर्षीय रेग्मीले जितबहादुर थापा मगरलाई मकाउ जान प्रतिव्यक्ति छ लाख ६० हजार रूपैयाँ लाग्ने र त्यहाँ प्रतिष्ठित होटलमा क्लिनरको काम लगाइदिने भन्दै पूरै रकम लिएर ठगी गरेको प्रहरीले जनाएको छ । उनले पीडितलाई मकाउमा एक लाख २० हजार रूपैयाँभन्दा बढी मासिक तलब हुने भनी विश्वास दिलाई पैसा लिएर सम्पर्कविहीन भएको अवस्थामा पक्राउ गरिएको प्रहरीले उल्लेख गरेको छ । रेग्मीलाई खोजतालासका क्रममा कालिमाटीबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको विशेष प्रहरी टोलीले पक्राउ गरेको हो । पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका रेग्मीलाई थप अनुसन्धान तथा कारबाहीको लागि विभागमा बुझाइएको प्रहरी उपरिक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।

**सूचना ! सूचना !! सूचना !!!**

**आदरणीय व्यवसायीहरू नमस्कार,**

नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तरगत वैदेशिक रोजगार विभागले मिति २०८० श्रावण १ गतेदेखि वैदेशिक रोजगारमा कामदार पठाउँदा अन्तिम श्रम स्वीकृति लिन अविलम्बन गरिने प्रक्रियालाई स्वचालित प्रणाली (Auto Mation) बाट गर्न लागेको हुँदा उक्त (Auto Mation) का बारेमा वैदेशिक रोजगार विभागले इजाजतपत्र प्राप्त व्यवसायिक संस्थालाई तपसिलमा उल्लेखित समय तालिका अनुसार तालिम सञ्चालन गर्न लागेकाले सो तालिममा १ जना सञ्चालक अनिवार्य र संस्थाले सिफारिस गरेको कर्मचारी १ गरी एउटा संस्थाबाट जम्मा २ जना सहभागी भई दिनुहुन अनुरोध गर्दछौं ।

**मिति : २०८० असार २१ गते**

**इजाजतपत्र नं. ४०१ देखि ८०० सम्म दिउँसो १:३० बजेदेखि ६:३० बजेसम्म**

**मिति : २०८० असार २२ गते**

**इजाजतपत्र नं. ८०१ देखि १२०० सम्म दिउँसो १:३० बजेदेखि ६:३० बजेसम्म**

**मिति : २०८० असार २३ गते**

**इजाजतपत्र नं. १२०१ देखि माथि सबै दिउँसो १:३० बजेदेखि ६:३० बजेसम्म**

**स्थान : अनुपम फुडल्याण्ड, बत्तिसपुतली, काठमाडौं**

**नोट : स्वचालित प्रणाली (Auto Mation) तालिममा आउँदा ल्याप्टप लिएर आउनु होला ।**

**मेघनाथ भुर्तेल**
**महासचिव**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं, फोन नं.०१-४५९०९६९/४५९४४१८, ९८०१०९७८८८२

# सुकुम्वासी ६ महिनाभित्र हटाउन निर्देशन

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रतिनिधिसभाअन्तर्गतको पूर्वाधार विकास समितिले नदी किनारका सुकुम्वासी बस्ती छ महिनाभित्र हटाउन सरकारलाई निर्देशन दिएको छ । समितिको बुधबारको बैठकमा बागमती सुधार आयोजनाका बारेमा छलफलपछि समितिको सभापतित्त्व गरेका ज्येष्ठ सदस्य लालवीर चौधरीले छ महिनाभित्र काठमाडौं उपत्यकाभित्रका बागमती, रुद्रमती, विष्णुमती, मनोहरालगायत नदी किनारका सुकुम्वासी बस्ती हटाउन सरकारलाई निर्देशन दिएका हुन् ।

समितिले काठमाडौं उपत्यकाका १८ नगरपालिकाबाट घरजग्गा पासबापत बागमती सभ्यता करका नाममा उठाइएको ०.५ प्रतिशत रकम अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको कोषमा जाने व्यवस्था मिलाउन पनि सरकारलाई निर्देशन दिएको छ ।

बैठकमा सहरी विकासमन्त्री सीता गुरुङले पशुपति क्षेत्रसम्मको बागमती सफा गर्ने जिम्मेवारी अधिकार सम्पन्न बागमतीको कि पशुपति क्षेत्र विकास कोषको भन्ने द्विविधा भइरहेकाले एकीकृत रूपमा काम गर्ने गरी एकै संस्थालाई जिम्मेवारी दिनुपर्ने बताए ।

गुरुयोजना बनाएर बागमती सुधारमा काम गर्ने प्रतिबद्धता जनाउँदै उनले अव्यवस्थित बसोवासी हटाउन सरोकार भएका सबै निकायको सहयोग हुनुपर्नेमा जोड दिए । 'अव्यवस्थित बसोवासीलाई राख्न इचंगुनारायणमा २३० परिवार बस्नसक्ने गरी पाँच वटा भवन बनाइएको छ, त्यहाँ लगेर स्थापित गरिनुपर्छ, नदी किनारका अव्यवस्थित बसोवासीलाई हटाउने विषय सरकारको नीति तथा कार्यक्रममा पनि उल्लेख गरिएकाले अब यसलाई कार्यान्वयन हुन्छ,' मन्त्री गुरुङले भने ।

सांसद प्रदीप पौडेलले काठमाडौं उपत्यकाका सामाखुसी, सपनतीर्थ, इच्छुमती सबै ढल बगाउने ठाउँ बनेकाले नदीका रूपमा स्थापित गर्न काम गरिनुपर्ने बताए । अधिकार सम्पन्न बागमतीलाई काठमाडौं उपत्यकाका सबै नदीको जिम्मेवारी दिनेगरी वैधानिक व्यवस्था गर्न उनले माग गरे ।

सांसद ठाकुर गैरेले ऐन र पैसा नभई गठन आदेशका भरमा चलाइने संस्थाको नामको अघि अधिकार सम्पन्न राखिनुको अर्थ नहुने बताए । २९ वर्षमा १४ अर्ब रूपैयाँ के-केमा खर्च भयो भनी देखाउनुपर्ने उनको भनाइ थियो ।

बैठकमा सांसदहरू डा. चन्द्रकान्त राउत, प्रेमबहादुर महर्जन, बिना लामा, निशा डाँगी, निर्मला कोइराला, दीपकबहादुर सिंह, शंकर भण्डारीलगायतले २९ वर्ष आयोजनाले काम गर्दा पनि बागमती सफा हुन नसकेको भन्दै आयोजनाका काम पारदर्शी हुनुपर्नेमा जोड दिए । सहरी विकास मन्त्रालयका सचिव रवीन्द्र श्रेष्ठले काठमाडौं उपत्यकाका नदी किनारमा रहेका सुकुम्वासीमध्ये २० प्रतिशतमात्र वास्तविक रहेको बताए । हिउँदमा बागमती सफाइका लागि नदीका बहाव छोड्न बनाइएको धाप ड्यामको पानी खानेपानीका लागि प्रयोग गर्न माग भएको भनाइ उनले राखे ।

अधिकार सम्पन्न बागमती समितिका अध्यक्ष उद्धवप्रसाद तिमल्सिनाले काठमाडौं उपत्यकामा बिछ्याइएको ढल पुरानो भई जुनसुकै बेला समस्या आउनसक्ने भएकाले सरोकार भएका निकायको ध्यान जानुपर्ने बताए । समितिका आयोजना प्रमुख रवीन्द्र बोहराले गुह्येश्वरीमाथिको नदी किनारमा नदीको क्षेत्र मिची बनेका २७ वटा घरटहरा भत्काइएको जानकारी गराए । नदी किनारको जग्गा कब्जा गरी बसेकामध्ये ८० प्रतिशत नक्कली भएको पनि उनले सुनाए । *रासस*

# ललितपुर महानगरभित्रका घर 'मेट्रिक' ठेगाना प्रणालीमा

**पाटन–** ललितपुर महानगरका ६० हजार ९८८ घर मेट्रिक ठेगाना प्रणालीमा प्रविष्ट भएका छन् । ललितपुर महानगरभित्रका सडक सञ्जाल तथा मेट्रिक प्रणालीमा आधारित घर नम्बर वितरण सम्पन्न समेत भएको छ ।

भौगोलिक सूचना प्रणाली (जिआई एस) अधिकृत उत्तम कार्कीले महानगरपालिकाका २९ वटै वडाका ६० हजार ९८८ घरलाई सडक सञ्जाल तथा मेट्रिक प्रणालीमा आधारित घर नम्बर वितरण गरिएको जानकारी गराए । २०७४ सालमा सम्पन्न दोस्रो नगरसभाले सडक सञ्जाल तथा मेट्रिक ठेगाना प्रणालीअनुसार घर नम्बर वितरण गर्ने निर्णय गरेको थियो । अब ललितपुर महानगरमा तपाईंले भेट्न चाहेको व्यक्तिको घर नम्बर र सडकको नाम थाहा पाउनुभयो भने ललितपुर महानगरभित्रको घरमा तपाईं सजिलै पुग्न सक्नुहुन्छ । 'महानगरभित्र एकल बसोबास, संयुक्त आवास, व्यावसायिक भवन, कार्यालय तथा संस्था, मठमन्दिरलगायत सम्पूर्ण स्थायी तथा अस्थायी संरचनासहित ९१ हजार ३९९ संरचना तथ्यांकमा 'रेकर्ड' भएका छन् । हामीले स्थायी संरचना र बसोबास भएका घरलाई मात्रै घर नम्बर वितरण गरेका छौं । अस्थायी संरचना रेकर्डमामात्रै छन्,' अधिकृत कार्कीले भने ।

महानगरका २९ वडामध्ये सबैभन्दा बढी वडा नं १४ मा तीन हजार ८९३ घरमा रहेका छन् भने सबैभन्दा कम वडा नं १ मा एक हजार १३५ घर रहेका छन् । घर नम्बर वितरणसँगै महानगरभित्रका एक हजार २८५ मुख्य सडकको नामकरण गरेर मेट्रिक प्रणालीमा समावेश भएको उनले बताए । महानगरभित्र सबै सडक तथा खण्ड सडकको संख्या नौ हजार ९२० रहेको जनाइएको छ ।

महानगरले नगरपालिकाभित्र सुशासन कायम गर्दै प्रदान गरिने सेवा सुविधालाई व्यवस्थित गर्न भौगोलिक सूचना प्रणालीमा आधारित घर नम्बर वितरण भएको बताइएको छ । महानगरप्रमुख चिरीबाबु महर्जनले भने, 'यो स्मार्ट सिटीको मुख्य आधार तत्त्व हो । यसबाट महानगरले उठाउने राजस्व समयमै उठाउन सहज हुनेदेखि नगरवासीले पाउने सेवा सुविधासम्म समयमै प्रदान गर्न सहज हुन्छ ।'

सडक सञ्जालमा आधारित घर नम्बर लागू गर्दा सडकको मुख्य चोकबाट दायाँतर्फ जोर नम्बर र बायाँतर्फ विजोर नम्बर प्रदान गरिएको छ । मुख्य चोकबाट नाप्न सुरु गरी घरको मूल चोकसम्मको दुरी जति हुन्छ, त्यसकै आधारमा नम्बर वितरण गरिएको अधिकृत उत्तम कार्कीले बताए ।

महानगरका प्रमुख प्रशासकीय अधिकृत गणेश अर्यालले यो प्रणालीलाई व्यवस्थित गर्न र कार्यान्वयनलाई प्रभावकारी बनाउँदै आउने समस्या समाधान गर्न महानगरपालिकामा छुट्टै भौगोलिक सूचना प्रणाली (जिआइएस) युनिट स्थापना गर्ने जानकारी दिए ।

महानगरले एक वर्षभित्र सम्पन्न गर्नेगरी कार्ययोजना बनाएर २०७७ पुस २३ गते जियोस्पासियल सिस्टम प्रालि, नेष्ट प्रालि र इनोभेटिभ कन्सर्न प्रालिसँग सम्झौता गरेको थियो । कोरोना महामारीका कारण समयमा काम सम्पन्न हुन नसकेपछि छ/छ महिना गरेर एक वर्षको अवधि थपेको थियो ।

सम्झौताअनुसार २०७९ पुस २२ गते सम्पन्न भएको परियोजनाको उपलब्धिसहितको विवरण जियोस्पासियल सिस्टम प्रालि, नेष्ट प्रालि र इनोभेटिभ कन्सर्न प्रालिका प्रतिनिधिले बुधबार ललितपुर महानगरपालिकालाई हस्तान्तरण गरेका हुन् । *रासस*

## हडबडीपन...

पृष्ठ १ बाट जारी

सभामुख घिमिरे हडबडिएर बोलेको बोल्यै गरे । सभामुखको बोलीले प्रतिपक्षी झनै हौसिए र बेल घेर्न उत्रिए ।

यतिमात्र हैन उनीहरूले नाराबाजीसमेत गर्न थाले । बोलिरहेका बेला पनि सभामुख घिमिरेले बैठकमा सांसदहरूलाई बस्न र पालैपालो बोल्न अनुरोध गरिरहे । सभामुख कतिसम्म हडबडाएका थिए भने उनले तामाङको नामसमेत राम्ररी उच्चारण गर्न सकिरहेका थिएनन् ।

हतपतको काम लतपत भनेझैं सभामुखले छिरिङलाई 'पासाङ ल्हामो' पनि भन्न भ्याए । केही क्षणको विरोधमै अत्तालिएका सभामुखले सचिवालयका कर्मचारीलाई बोलाएर कानेखुसी गरेपछि बोलिरहेको सांसदलाई वास्तै नगरी आधा घण्टाका लागि बैठक स्थगित गरे । आधा घण्टाका लागि बोलाइएको संसद् दुई घण्टासम्म सुरु हुन सकेन । बरु एकैचोटि दुई दिनपछि बैठक बस्ने सूचना संघीय सचिवालयबाट जारी भयो । बैठक शुक्रबार ३ बजेसम्मका लागि स्थगित भएको संघीय संसद्का महासचिव डा. भरतराज गौतमले विज्ञप्तिमार्फत जानकारी दिए ।

**बजेट परितका दिन उस्तै हडबड**

अघिल्लो बुधबार प्रतिनिधिसभा बैठकमा अर्थमन्त्री डा. प्रकाशशरण महतले आगामी वर्ष २०८०/८१ का लागि प्रस्तुत बजेट पारित गर्ने प्रस्ताव पेस हुँदै थियो । उक्त दिन पनि सभामुख घिमिरेले आफ्नो झुकाव एमालेतिरै रहेको देखिनेगरी हडबडाहड प्रस्तुत गरेका थिए । बजेट पारित गर्ने क्रममा सभामुख घिमिरे सरकारप्रति कठोर र एमालेप्रति लचक बनेको पटक-पटकको व्यवहारबाट प्रस्ट देखिन्थ्यो ।

त्यसो त भारत भ्रमणपछि सदनमा जवाफ दिन प्रधानमन्त्री पुष्पकमल दाहाल रोस्ट्रममा उभिँदा पनि सभामुख घिमिरेमाथि 'एमाले' हाबी भएको आरोप लागेको थियो । त्यही व्यवहार दोहोरियो बजेट पारित गर्ने दिन । सभामुखका कारण बजेट दुई-दुई पटक पारित भयो ।

दलीय सहमतिपछि अर्थमन्त्री डा. महतले विनियोजन विधेयक २०८० लाई पारित गरियोस् भनी रोस्ट्रमबाट अनुरोध गरे । अर्थमन्त्रीले प्रस्ताव राख्नसाथ सभामुख घिमिरेले उक्त प्रस्तावलाई निणयार्थ पेस गरे । सभामुखले प्रस्तावको पक्षमा हुन्छ भन्ने धेरै देखिएकोले बजेट बहुमतले पारित भएको घोषणा गरे । 'हुन्छ भन्ने माननीयको बहुमत भएकोले विनियोजित बजेट-२०८० बहुमतले पारित भएको घोषणा गर्दछु,' सभामुखले घोषणा गर्नसाथ ताली गुञ्जियो सत्तापक्षबाट ।

तत्कालै एमाले सांसदहरूले उठेर विरोध जनाए । कत्ति पनि नपर्खी सभामुख घिमिरेले एमालेका सचेतक महेश बर्तौलालाई बोल्न समय दिए । प्रस्तावको विपक्षमा बहुमत भएको बर्तौलाले दाबी पेस गरिहाले । उनको अनुरोधलाई कति पनि नपर्खी सभ ामुख घिमिरेले प्रतिनिधिसभाको नियमावली २०७९ को नियम २९ को उपनियम १ बमोजिम प्रस्तावलाई निर्णयार्थ पेस गरे । घोषणा भइसकेको विषयमा सभामुखले एमालेको विरोधलाई सदर गर्दै पुनः मत विभाजनतिर लम्ब्याए । उक्त उपनियममा २८ भन्दा बढी सांसद उठेर असहमति जनाएमा मत विभाजन गरी मत संकलन गर्ने व्यवस्था छ । सोहीअनुरूप सभामुखले मत विभाजनको घोषणा गरे ।

सभामुख घिमिरेले पहिलोपटक पास भएको घोषणा गरेको आधा घण्टापछि बजेट मत विभाजनबाट पुनः पास भयो । प्रतिनिधिसभामा २५५ सांसद उपस्थित रहेकामा बजेटको पक्षमा १४७ मत र विपक्षमा १०८ मत परेको र बहुमतले पारित गरेको सभामुख घिमिरेले घोषणा गरेका थिए ।

## बोलीले...

पृष्ठ १ बाट जारी

बबण्डर मच्चाउन खोजेको बताए ।

'फेरि एकचोटी बबण्डर गर्न खोजिएको छ, मलाई लाग्छ त्यो बेलुन पनि छिट्टै फुट्नेवाला छ,' उनले भने, 'हाम्रा विपक्षीहरूमा कति धेरै विक्षिप्तता छ ? कति धेरै पूर्वाग्रह छ भन्ने देखाउँछ ।'

यसअघि तत्कालीन प्रधानमन्त्री ओलीलाई सरकारबाट हटाएर कांग्रेससहितको सरकार बनाउँदा भारतका लागि 'कम्फर्टेबल' हुने अभिव्यक्तिले पनि दाहाल विवादमा आएका थिए । त्यसले भारतले चाहेको जसरी सरकार चलाउन आफूहरू तयार रहेको सन्देश दिएको भन्दै चर्को आलोचना भयो । अहिले पनि एमालेले दाहाल नेतृत्वको सरकारलाई भारतको 'कम्फर्टेबल' भन्ने गरेको छ ।

त्यसअघि १ माघ २०७६ मा टुँडिखेलमा पनि दाहालले सशस्त्र द्वन्द्वमा मारिएका पाँच हजार व्यक्तिको जिम्मा आफूले लिने अभिव्यक्ति दिएका थिए । तत्कालीन नेकपाका अध्यक्षसमेत रहेका दाहालले भनेका थिए, 'मलाई भन्ने गरिन्छ, १७ हजार मारेर आएको । यो सत्य होइन । हिजोका सामन्त राजाहरूले १२ हजार मारेका हुन् । मलाई पाँच हजारको म जिम्मा दिनुहुन्छ भने म लिन्छु ।'

उनको यही अभिव्यक्तिलाई प्रतिवादीको बयान भन्दै सर्वोच्च अदालतमा अधिवक्ता ज्ञानेन्द्र आरणसहितले मुद्दा दायर गरेका छन् । हाल मुद्दा विचाराधीन छ ।

त्यसअघि माओवादी लडाकुको चितवनस्थित अस्थायी शिविर शक्तिखोरमा उनले दिएको अभिव्यक्ति पनि विवादमा परेको थियो । गोप्य प्रशिक्षणका क्रममा दाहालले 'जनमुक्ति सेना' सात-आठ हजार भए पनि ३१ हजार देखाएर प्रमाणीकरण गरिएको बताएका थिए । प्रमाणीकरण भएका १९ हजार लडाकुमध्ये तीन हजारमात्र सेनामा समायोजन गर्न सके नेपाली सेना कब्जा गर्ने उनको अभिव्यक्ति थियो ।

दाहालको यही अभिव्यक्तिका कारण नक्कली लडाकु देखाएर अस्थायी शिविरमा व्यापक भ्रष्टाचार गरेको आरोप अहिलेसम्म झेलिरहनुपरेको छ । सोही विवादास्पद भिडियोलाई देखाएर तत्कालीन प्रधानसेनापति रुक्मांगत कटुवालले २०६५ मा माओवादी नेतृत्वको सरकारका निर्देशनको अवज्ञा गरेका थिए ।

विवाद चर्किंदै जाँदा दाहालले प्रधानसेनापति कटुवाललाई बर्खास्त गरे । तर, तत्कालीन राष्ट्रपति डा. रामवरण यादवले थमौती गरिदिए । कार्यकारी मन्त्रिपरिषद्को निर्णय राष्ट्रपतिले उल्टयाइदिएपछि प्रधानमन्त्री दाहाल नैतिक संकटमा परे । त्यसपछि नागरिक सर्वोच्चताका लागि भन्दै दाहालले राजीनामा दिएका थिए ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असार २१ गते २०८०, बिहीबार

**मेष** महिला वा मित्रबाट विशेष सहयोग पाइनेछ ।

**वृष** दाम्पत्य सुखले प्रसन्न र प्रफुल्लित भइनेछ ।

**मिथुन** अभिभावकको आशीर्वादले काम गर्नसक्छ ।

**कर्कट** आँटेको र ताकेको कार्य पुरा होला ।

**सिंह** आज कुनै कुराले अनुहारमा चमक आउनेछ ।

**कन्या** राजनैतिक र सामाजिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** नजिकको व्यक्तिबाट धोका पाइएला, सचेत रहनुहोला ।

**वृश्चिक** आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला ।

**धनु** काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

**मकर** प्रणयसम्बन्ध र रतिराग बढाउने समय रहेको छ ।

**कुम्भ** सवारी साधन चलाउँदा वा बाटो काट्दा होस राख्नुपर्छ ।

**मीन** आज सद्विचारले अभिप्रेरित हुनेहरूलाई विस्तारै लाभ हुनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्ड्स अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार २१ गते, २०८०, ६ जुलाई, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.०० | १३१.६० |
| युरो | १ को | १४३.५० | १४४.१६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.२५ | १६७.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.२१ | १४६.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८६.९२ | ८७.३२ |
| क्यानाडियन डलर | १ को | ९९.०३ | ९९.४९ |
| सिंगापुर डलर | १ को | ९६.९१ | ९७.३६ |
| जापानी येन | १० को | ९.०९ | ९.१३ |
| चिनियाँ युआन | १ को | १८.०८ | १८.१७ |
| साउदी अरब रियाल | १ को | ३४.९३ | ३५.०९ |
| कतारी रियाल | १ को | ३५.९५ | ३६.१२ |
| थाई भाट | १ को | ३.६८ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.६६ | ३५.८३ |
| मलेसियन रिंगेट | १ को | २८.०४ | २८.१७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०१ | १०.०५ |
| स्विडिस क्रोनर | १ को | १२.२० | १२.२५ |
| डेनिस क्रोनर | १ को | १९.२७ | १९.३६ |
| हङकङ डलर | १ को | १६.७२ | १६.८० |
| कुवेती दिनार | १ को | ४२६.३३ | ४२८.२८ |
| बहराइन दिनार | १ को | ३४७.४९ | ३४९.०८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताकने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# 'विपद् व्यवस्थापनका लागि सबै संयन्त्र तयार छ'

**काठमाडौं (प्रस)–** सरकारले मनसुनजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक तयारी गरेको जनाएको छ । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले विपद्को सम्भावित जोखिम व्यवस्थापनका लागि सरकारले सबैखाले तयारी गरिरहेको र आवश्यक संयन्त्र पनि तम्तयार अवस्थामा रहेको बताए ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित कार्गो भवनपरिसरमा रहेको मानवीय सहायतास्थलको निरीक्षण गर्दै उनले विपद् व्यवस्थापनका लागि विगतका वर्षभन्दा यो पटक राम्रो तयारी गरिएको उल्लेख गरे । उपप्रधानमन्त्री श्रेष्ठले भने, 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका निम्ति पहिलाका अनुभवबाट शिक्षा लिँदै हाम्रो देश विपद् जोखिमग्रस्त मुलुक हो भन्ने कुरालाई हृदयंगम गर्दै आवश्यक तयारीका काम गरिरहेका छौं, त्यसमध्ये यो पनि एउटा हो ।'



उनले विपद् जोखिम न्यूनीकरणका लागि सम्भावित बाढी पहिरोबाट सकेसम्म नबिग्रिने गरी भौतिक संरचना बनाउनुपर्ने र विपद् भइहालेको खण्डमा त्यसलाई व्यवस्थापन सहज हुनेगरी संरचना निर्माण गरिनुपर्नेमा जोड दिए । 'विपद्को जोखिमलाई न्यूनीकरण बनाउने हाम्रो निरन्तर प्रयास छ । नेपालको भौगोलिक स्वरूप, जलवायु परिवर्तनको जोखिमलगायतबाट हुनसक्ने विपद्को जोखिम न्यूनीकरण र विपद् भइहालेमा छिटो व्यवस्थापनका लागि हामीले पहिलाभन्दा यसलाई धेरै प्रभावकारी बनाएका छौं,' उनले भने ।

उपप्रधानमन्त्री श्रेष्ठले सरकारले गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणअन्तर्गत विभिन्न योजना बनाएर त्यसको तयारीका काम गरिरहेको जानकारी दिए । उनका अनुसार देशका ११ वटा स्थलमा मानवीय सहायतास्थल बनाएर तयारीका काम गरिएको छ ।

जुन-जुन समयमा विपद् आइपर्छ त्यसका निम्ति तत्कालै राहत सामग्री उपलब्ध गराउने व्यवस्था गरिएको छ । त्यसका लागि सुगम स्थानमा मानवीय सहायतास्थल स्थापना गरेर काम भइरहेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विश्व खाद्य कार्यक्रमले विशेष सहयोग गरिरहेको मन्त्रालयले जनाएको छ ।

अहिले विपद् प्राधिकरणअन्तर्गतको तयारी धेरै अगाडि बढिसकेको र दुई दिनपछि प्रधानमन्त्रीको अध्यक्षता परिषद्को बैठक आयोजना गरिएको पनि उपप्रधानमन्त्री श्रेष्ठले जानकारी दिए । उपप्रधानमन्त्री श्रेष्ठ गृहसचिव दिनेश भट्टराईसहित मानवीय सहायतास्थलको निरीक्षणमा गएका हुन् । सहायतास्थल र त्यहाँ स्टोर गरिएका राहत तथा उद्धारका सामग्रीको मन्त्री श्रेष्ठले निरीक्षण गरेका थिए ।

गृह मन्त्रालयको विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखाका प्रमुख उपसचिव रमा आचार्यका अनुसार काठमाडौंसहित देशका ११ स्थलमा मानवीय सहायतास्थल रहेका छन् । विपद्को समयमा मानवीय सहायतास्थलबाट तत्काल सम्बन्धित ठाउँमा राहत सामग्री पुर्‍याउने गरिएको छ । मनसुनजन्य विपद् आएको खण्डमा तत्काल त्रिपाल, खाद्य तथा उद्धारका सामग्री उपलब्ध गराउने गरेको छ । फायर फाइटिङका सामग्री पनि स्टोर गरिएको छ ।

विपद्पश्चात्को तत्काल गरिने खोज उद्धार तथा राहत व्यवस्थापनसहितको प्रतिकार्यको नेतृत्व गरी यसको संयोजन र सबै निकाय एवं तहको समन्वयात्मक परिचालन गृह मन्त्रालयले गरिरहेको छ । मानवीय सहायतास्थल गृह मन्त्रालयको आपत्कालीन बन्दोबस्ती सामग्रीका भण्डारणस्थलको रूपमा रहेको छ । हाल गृह मन्त्रालयले नेतृत्व लिई विश्व खाद्य कार्यक्रम नेपालले यसको सञ्चालनमा सहयोग गर्दै आइरहेको छ ।

उक्त मानवीय सहायतास्थलबाट गोरखा महाभूकम्प, कोभिड-१९ महामारीलगायत नियमितरूपमा आइपर्ने विभिन्न बाढी पहिरोलगायतका घटनामा मानवीय सहायता सामग्री प्रभावित स्थानमा परिचालन गर्दै आइरहेको छ । हाल ११ वटा मानवीय सहायतास्थल (काठमाडौं, विराटनगर, वीरगञ्ज, भैरहवा, सुर्खेत, नेपालगञ्ज, धनगढी, तेह्रथुम, महोत्तरी, बैतडी र जुम्ला) सञ्चालनमा रहेका छन् ।

काठमाडौं, विराटनगर, वीरगञ्ज, भैरहवा, सुर्खेत, नेपालजञ्ज, धनगढी र जुम्लाका विमानस्थलनजिकै राखिएको छ । अन्य तीन वटा मानवीय सहायतास्थल परिचालनको दृष्टिले विभिन्न जिल्लालाई पायक पर्ने र परिचालनमा सहज हुनेगरी स्थानमा राखिएको मन्त्रालयले जनाएको छ ।

# १६औं योजनाबारे छलफल

**काठमाडौं (प्रस)–** राष्ट्रिय योजना आयोगले १६औं योजनाका लागि प्रदेश योजना आयोग र स्थानीय सरकारका प्रतिनिधिमूलक संस्थासँग छलफल गरेको छ । सिंहदरबारस्थित आयोगको हलमा बुधबार भएको छलफलमा १६औं योजनाका लागि सुझाव दिन कोशी प्रदेशबाहेक सबै प्रदेश योजना आयोगका उपाध्यक्षको सहभागिता रहेको थियो । सहभागीले कृषिको उत्पादकत्व बढाउने तथा रोजगारी सिर्जनाका लागि मद्दत पुग्ने किसिमको योजना बन्नुपर्नेमा जोड दिए । सहज र सुलभ स्वास्थ्य सेवा साथै गुणस्तरीय शिक्षामासमेत १६औं योजनाले ध्यान दिनुपर्ने सहभागीको सुझाव छ ।

सहभागीले वैज्ञानिक वन व्यवस्थापन गर्नसके कूल गार्हस्थ उत्पादनमा वन क्षेत्रको १५ प्रतिशत योगदान पुर्‍याउन सकिने भन्दै काठजन्य वस्तुहरूको उपयोग गर्ने र अहिले भइरहेको फर्निचर आयातलाई कम गर्ने किसिमको नीति तर्जुमा गर्नुपर्ने सुझाव दिए ।

आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठको अध्यक्षतामा भएको छलफलमा प्रदेश योजना आयोगका उपाध्यक्षसहित जिल्ला समन्वय समिति, नगरपालिका संघ तथा गाउँपालिका संघबाट प्रतिनिधिको सहभागिता थियो ।

छलफलमा मधेस प्रदेश योजना आयोगका उपाध्यक्ष नाथुप्रसाद चौधरी, बागमती प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. नरविक्रम थापा, लुम्बिनी प्रदेश योजना आयोगका उपाध्यक्ष डा. नहकुल केसी, कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्ष योगेन्द्रबहादुर शाही र सुदूरपश्चिम प्रदेशका योजना आयोगका उपाध्यक्ष मोहनदेव विष्टले १६औं योजनाका सम्बन्धमा सुझाव दिएका थिए ।

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सुचना प्रकाशित मिति :२०८०/०३/२१**

यस चन्द्रमा सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७८/०७९ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको खयर जातको गोलिया थान ३३८ को ५८०.१९ घ.फि. गोलिया काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ,दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस संबन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ । पूर्ण ब्यहोराको सूचना यस समुहको सुचना पाटीमा टांस गरिएको छ ।

**श्री चन्द्रमा सामुदायिक वन उपभोक्ता समूह**
**बारबर्दिया नगरपालिका–४ घोरपिट्टा बर्दिया**

## गोलिया काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति :२०८०/०३/२१**

यस श्री नमुना सामुदायिक वन उपभोक्ता समूह कनपा-७ सिन्धुलीबाट आव २०७९/०८० मा उत्पादन भै समूह क्षेत्र कमलामाई नपा -७ सिन्धुलीमा घाटगद्दी गरी राखिएको विभिन्न लटको साल तथा अन्य जातको गोलिया थान ८८ को कुल ९८८.९२ क्यु.फिट गोलिया काठ र साल मिश्रित दाउरा ३.०० चट्टा व्यापारिक प्रयोजनकालागि बिक्री वितरण गर्नुपर्ने भएकोले काठ दाउरा जेजस्तो अवस्थामा सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उधोगहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनमा मध्यान्ह १२:०० बजे सम्म सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ । विस्तृत व्योहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री नमुना सामुदायिक वन उपभोक्ता समूह**
**कमलामाई .न.पा.–७ सिन्धुली**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ACME SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/03/१३ LT. No. 288649 चलानी नं. ६०२०४०२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 29 | 0 | 1500 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : UNIVERSAL GUARDS SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०९/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८०/03/२० LT. No. 278891 चलानी नं. ६०१९४४९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 31 | 0 | 1500 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २८ गते (13th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JADEER ASSET MANAGEMENT COMPANY

पूर्व स्वीकृति मिति २०७९/११/२३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/03/२० LT. No 282170 चलानी नं. ६०१९७६५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labours | 1 | 0 | 1000 | ३४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २८ गते (13th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Superb For Ultimate Manpower Solution Pvt.Ltd**
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAIH ALL OVER THE WORLD CONTRACTING CO. ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति: २०७८/०९/१२ पुन विज्ञापन स्वीकृति मिति : २०८०/03/२० LT. No.253302 चलानी नं. ६०१७१३४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 1 | 0 | 1000 | ३४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

कम्पनी : ALMUZAIN GULF SAUDI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०७९/०५/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८०/03/२० LT. No. 269821 चलानी नं. ६०१८५६९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pipe Compositor | 27 | 0 | 1500 | ६३,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALMUZAIN GULF SAUDI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/०१/२६ पुन विज्ञापन स्वीकृति मिति : २०८०/03/२० LT. No. 285669 चलानी नं. ६०२०११२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pipe Compositor | 6 | 0 | 1500 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolding Erector | 5 | 0 | 1500 | ६३,२७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २८ गते (13th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम इजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०६/०५ मा दर्ता भएको **प्रा.लि. नं. १५६११८** को **गौतम मोटर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०२/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## अनलाइन पत्रिका बन्द हुने सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८०/०३/२१**

यस www.samridnepal.com नामक अनलाइन पत्रिका कुनै दायित्व नरहने गरी बन्द गर्न लागिएको हुँदा तत्सन्बन्धमा कोही कसैको केही लेनदेन बाँकी बक्यौता भएमा यस सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा सम्पर्क गरी हिसाब मिलान गर्नहुन अनुरोध गर्दछौं ।

www.samridnepal.com


## कतारमा रोजगारको अवसर

**Mannai Trading Co. WLL** Qatar, Doha

पूर्व स्वीकृति मिति:२०२१/११/१७, पुन: विज्ञापन स्वीकृति मिति: २०२३/०७/०५ पत्र संख्या: ०७९/८० चलानी नं.: ६०१६७८३१ LT No. 250916

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलव QR | मासिक तलव ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | सुविधा खाने | सुविधा बस्ने | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Store Keeper | 05 | सम्बन्धित काममा दक्ष | 2200 | ७५७२४ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष | अन्तर्वार्ता |
| २. | Electric. Tech. | 01 | | 1400 | ४८१८८ | | | | | | | | |
| ३. | Machine Operator | 05 | | 2200 | ७५७२४ | | | | | | | | |
| ४. | Heavy Vehicle Driver | 01 | | 2200 | ७५७२४ | | | | | | | | |

| सेवा शुल्क | स्वदेशमा गरिने प्रि. मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले व्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क |
|---|---|---|---|---|---|---|
| नि:शुल्क | कामदार आफै | दिने क. नि. अनुसार | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनहोला। बुझाएको रकमको भर्पाई अनिवार्यरुपमा लिनुहोला। (२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। (४) विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। (५) विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नहोला। सो को (१) एक प्रति आफुसंग राख्नहोला। (६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नहोला अन्यथा ठगीने सम्भावना हुन्छ। (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग, तिनकुनेमा सम्पर्क राख्नहोला। छनौट भइ भिषा प्राप्त गरीसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा वापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ। **कुल लागत खर्च: नि:शुल्क**

**फाइनल अन्तर्वार्ता २०८० असार २८ गते (July 13, 2023) कम्पनीको कार्यालयमा हुनेछ ।**

**अरब रिक्रुटिङ्ग सर्भिसेज प्रा. लि.**
गणेश मार्ग, सुबिधानगर, तिनकुने, काठमाण्डौ,
फोन: ४११११५६०, फ्याक्स: ४१११६२३ Email: ars@arabrecruiting.com
श्रम इजाजत पत्र नं. ७३/०५२/०५३


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान**
**वीर अस्पताल**

## बोलपत्र स्विकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति : २०८०/३/२१)**

यस चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालबाट प्रकाशित सूचना अनुसार तपसिलमा उल्लेखित बोलपत्रदाताको प्रस्ताव न्यूनतम मूल्याङ्कित र सारभूतरूपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्वन्धित सवै बोलपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | बोलपत्र नं. | कामको विववरण | छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक मु.अ.कर सहित |
|---|---|---|---|---|
| १. | NAMS/NCB/ 79/80/31 | Supply & Delivery of ESR Analyzer Reagent | NP Surgimed Pvt. Ltd. Tripureshwor, Kathmandu. | रू.१३,३५,०९५।- (अक्षरूपी तेह्र लाख पैतिस हजार पन्चानब्बे मात्र) |

**-निर्देशक**

## गोदावरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८०/०३/२१**

यस गोदावरी नगर कार्यपालिकाको कार्यालय, अत्तरीया कैलालीको मिति २०८०/०२/१४ गते प्रकाशित आर्थिक वर्ष २०८०/८१ को लागि आन्तरिक आय संकलन सम्बन्धी बोलपत्र आव्हानको सूचना अनुसार पर्न आएका सिलबन्दी बोलपत्रहरुमध्ये मूल्याङ्कन समितिको निर्णयानुसार देहाय बमोजिमका बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही रहेकोले स्वीकृतको लागि छनौट गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ । उपरोक्त निर्णयमा कसैको दाबी विरोध रहेमा सात दिनभित्र यस कार्यालयमा पत्राचार गर्नुहुन अनुरोध छ ।

| क्र.सं. | आन्तरिक आय ठेक्का नं. | ठेक्काको विवरण | स्वीकृतीका लागि छनौट भएका फर्मको नाम | स्वीकृत रकम रु. मु.अ.कर बाहेक | कैफियत |
|---|---|---|---|---|---|
| १ | NCB/IR/GM/01/ 2080/81 | कवाडी कर संकलन | श्री सोनु राज एण्ड ट्रेड सप्लायर्स, धनगढी-२, कैलाली | १,१०,५१,०००।०० | |
| २ | NCB/IR/GM/02/ 2080/81 | पार्किङ शुल्क संकलन (अत्तरिया बसपार्कबाट) | श्री भैरबकाली निर्माण सेवा, डोटी | १,०३,५१,१११।०० | |

**बसन्त कुमार खत्री**
**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# दाहाललाई आफ्नै बोलीको भारी

**अभिनेत्री रेखा थापाले माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहालबारे कुनै बेला भनेकी थिइन्– फूर्के । फूर्के अर्थात् फूरुक्क भइहाल्ने, हौसिहाल्ने । सोमबार नेपालमा छ चक्के ट्रक भित्र्याएको श्रेय पाएका सरदार प्रितम सिंहको बारेमा उनकी छोरी किरणदीप सन्धुले लेखेका किताब 'रोड्स् टु दि भ्याल्ली : दि लेगासी अफ सरदार प्रितम सिंह इन नेपाल' विमोचनमा यही पारा देखाइहाले दाहालले । अरुलाई मक्ख पार्न अलंकार र विशेषण थपेर प्रशंसा गर्ने क्रममा दाहालले आफू चिप्लिएको पत्तो पाएनन् । आफू कुन पदमा छु भन्ने हेक्का नराखी दाहालले प्रधानमन्त्री पदको गरिमा नै गिराए ।**

**हुन त नेपाली सत्ता फेरबदलमा दिल्लीको हस्तक्षेप हुन्छ भन्ने कुरा 'ओपन सेक्रेट' हो । सत्ताबाहिर पुगेपछि नेतृत्व तहबाटै यस्ता हस्तक्षेपबारे कटु आलोचना हुन्छ । तर, प्रधानमन्त्री दाहालले भने सत्तामै छँदा आफूलाई नेतृत्वमा राख्न एकजना सरदारले दिल्लीसम्म पुऱ्याएको प्रसंग खुलस्त पारे । सरदार सिंहको प्रशंसा गर्दै उनले भने, 'उहाँले एकपटक मलाई प्रधानमन्त्री बनाउन धेरै मिहेनत गर्नुभयो । धेरैचोटि दिल्ली पनि जानुभयो । काठमाडौंका पार्टी र नेतासँग पनि लगातार छलफल गर्नुभयो ।'**

**पहिलो प्रधानमन्त्रीकालमा आवश्यकताभन्दा बढी हौसिँदै प्रधानसेनापति हटाउन लाग्दा अफैंले सरकार छाड्नुपरेको सायद दाहाल आफैंलाई याद होला या थप राजनीतिक घटनाक्रमले उनको त्यो मेमोरी उडिसक्यो । राजनीतिक नेतृत्व जो सत्ताका लागि दिल्ली धाउँछन्, प्रधानमन्त्रीबाटै यस्तो तीतो सत्य बोलिदिँदा मुखै तीतो बनाउनु बेठीक नहोला । तर, सर्वसाधारण र राष्ट्रिय स्वाभिमानको दृष्टिले यदि दाहाल आफैंले यस्तो अभ्यास गराएको हो भने पक्कै पनि यो गम्भीर विषय हो ।**

**प्रधानमन्त्री दाहालले यसलाई प्रतिपक्षी दलले बबण्डर मच्चाएको र विरोधको बहाना बनाएको भन्दै पन्छिन खोजेका छन् । तर, सदनमा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले दाहालको राजीनामा मागिसकेका छन् । यो विषयमा स्पष्ट नभएसम्म सदन चल्न नदिने एमालेको अडान कायमै रहेको बेला दाहालको सत्तारुढ दलसँग पनि खटपट देखिन्छ । सत्ताको प्रमुख साझेदार नेपाली कांग्रेसका सभापति सिंगापुर पुग्दा काठमाडौंमा समाजवादी मोर्चा कसेकै कारण अहिले दाहाल तनावमा छन् । कांग्रेससँग विभिन्न मुद्दाका कारण एमाले नजिकिन खोजिरहेको अवस्थामा दाहालका लागि यो बोली महँगो पर्नसक्छ । शक्तिमा भए भन्दैमा हौसिने र रौसिने बानीले हानी गर्छ भन्ने पाठ दाहालले सम्झनसक्नुपर्छ । यतिमात्र हैन हौसिँदा पदीय हैसियत पनि सम्झनुपर्दछ । नभए बोलीको बाढीले पद प्रतिष्ठामात्र हैन उपलब्ध मान प्रतिष्ठा पनि बगाइलानेछ ।**

## मनन्योग्य

### चाणक्य नीति

एउटा बीर सेनापतिको जस्तो चालले चन्द्रगुप्त सिंहासनमा आई बसे । नजिकै भव्य सिंहासनमा बस्नुभन्दा पूर्व चारैतिर नजर लगाई हेरे आसनमा बस्दै बन्दीसेल्युकसलाई ससम्मान उपस्थित गराउने आदेश दिए । केहीबेरपछि सेल्युकस पराजित योद्धाजस्तै गर्दन झुकाई राज्यसभामा प्रवेश गऱ्यो ।

चाणक्यले आफै खडा भई सेल्युकसको स्वागत गर्दै भने- 'को मगध साम्राज्यका युनानका सम्राटलाई स्वागत छ ।'

चाणक्यले अपनत्व देखाउदै भने- 'भारतवर्षका बासिन्दाहरू पाहुनालाई भगवान् सम्झन्छन् युनानाधिपति र फेरि को भन्छ तपाई सम्राट होइन । युनान र भारतवर्ष एक हुन सकोस् । यसैले मैले तपाईलाई मैत्रीभावते अतिथिस्वरूप बोलाएँ, यसमा कुनै सन्देह छैन ।

'म चाहन्छु भारतवर्ष र युनानको सम्बन्ध यस्तो होस् जसलाई कुनै पनि तरबारले काट्न नसकोस् ।'

'पराजित भई दयास्वरूप मित्रता गर्नु र प्राथको भीख माग्नुमा कुनै अन्तर छैन महोदय तात्पर्य जान्नुहुन्छ एउटा वीर पुरुष प्राणका भीख कहिल्यै पनि माग्दैन', सेल्युकंसले विक्षुब्ध भावने भन्यो ।

जयपराजय त चल्दै रहन्छ, जीवनमा कुनै राम्रो काम गर्दा हार नै पनि यसको भागी बन्छ, तर निन्दित विचारले भएको जयले पनि अपयश नै दिन्छ, एउटा राजाको राज्य विस्तार राम्रो कुरा हो, तर निरीह व्यक्तिको हत्या गरेर उनीहरूका रगतले मिनी बनेको राजाको के सुखकारी हुन्छ ? तपाई नै भन्नोस् के पाइयो नरसंहार गरेर ? के आत्माले शान्ति पायो ?

'आउनुहोस् गला लगाएर मित्रताको अमृतपान गर्नोस् जसले परमशान्ति मिल्छ', शान्त भई सम्झाउँदै चाणक्यले भने । तपाईका सबै कुरा ठीक छन् ! महात्मन् । तर एउटा पराजित राजाबाट तपाई कस्तो मित्रताको अपेक्षा राख्नुहुन्छ ? मैले सम्किन सकिनँ । तपाई त के चाणक्यलाई कसैले पनि धबुझ्न सक्तैन आउनुहोस्, केही आफ्ना कुरा गरौं अनि तपाईलाई सोच्ने अवसर पनि प्राप्त हुनेछ । राम्ररी सोचेर उत्तर दिनुहवस् ।

यसरी सेल्युकससँग भित्री कुरा गर्न सभा भवनदेनि अलग्गै चाणक्यले लगे । क्रमशः

# संघीयता कार्यान्वयनमा जिससलाई परिचालन गर्ने आधार



▸▸ कृष्णचन्द्र न्यौपाने

संविधानमा व्यवस्था भएको संरचना जिल्ला समन्वय समिति (संविधानको धारा २२०) लाई आवश्यक जनशक्ति, जनप्रतिनिधि र कर्मचारीलाई काम गर्ने ज्ञान, सीप, क्षमता विकासका कार्यक्रमसहितको आर्थिक स्रोत उपलब्ध हुन सकेको छैन । यस सम्बन्धमा हालै सम्पन्न राष्ट्रिय समन्वय परिषद्को बैठकले लिएका निर्ययहरु संघीयता कार्यान्वयनमा देखिएका अस्पष्टता र दोहोरोपन हटाउने, कानुन निर्माण गर्ने, जनशक्ति व्यवस्थापन र सेवा प्रवाहमा प्रभावकारिता ल्याउने, राष्ट्रिय तथ्यांकको एकीकृत अभिलेख प्रणालीको प्रबन्ध तथा परिषद्को बैठक सञ्चालन कार्यविधि निर्माण आदि हेर्दा जिल्ला समन्वय समितिको भूमिका र संलग्नता बढाउन सकिने हुनाले सरकारले यस संरचनालाई परिचालनमा ध्यान दिनु आवश्यक छ ।

नेपालको संविधानअनुसार नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानुनको शासन, मौलिक हक तथा मानवअधिकारका मूल्य मान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोक कल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने तथा परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय एकाइहरूबीचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा सुदृढ गर्ने राजनीतिक उद्देश्य हुनेछ (संविधानको भाग ४ धारा ५० निर्देशक सिद्धान्तबमोजिम) ।

यस सिद्धान्तको कार्यान्वयनका लागि संविधानले संघ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्धका आधार सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ (धारा २३२ उपधारा १ बमोजिम) । यसका लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न संघीय संसद्ले आवश्यक कानुन बनाउनेछ । धारा २३५ को व्यवस्थाअनुसार २०७७ साउन १३ मा मुलुकले अंगीकार गरेको बहुदलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढीकरणका लागि नेपालको संविधानबमोजिम राज्यसत्ताको प्रयोग गर्ने संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व, समन्वय र परस्परको सहयोगको आधारमा व्यवस्थापन गर्न समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७ जारी भएको । सो ऐनको दफा १६ मा राष्ट्रिय समन्वय परिषद् गठनको प्रावधान राखेबमोजिम यही असार १६ गते पोखरामा पहिलो बैठक प्रधानमन्त्रीको अध्यक्षतामा सम्पन्न भएसँगै संघीयता कार्यान्वयनमा देखिएका अस्पष्टता र दोहोरोपन हटाउन तीनै तहका सरकारबीच कार्ययोजना बनाएर काम गर्ने सहमति भएको छ ।

जिल्लामा हुने स्थानीय विकास कार्यक्रम र गतिविधिको समन्वय र सुपरीवेक्षणको जिम्मेवारी जिल्ला समन्वय समिति (जिसस)को रहेको छ । संघीय गणतन्त्र नेपालको संविधानबमोजिम जिल्ला समन्वय समितिले जिल्लाभित्रका नगरपालिका, गाउँपालिकाहरूसँग समन्वय गरी स्थानीय तहहरूले प्रस्ताव गरेका योजना स्थानीय आवश्यकता र प्राथमिकतासँग मिल्दाजुल्दा भएको यकीन गर्ने । प्रदेश सरकारसँगको सहकार्य बढाई प्रदेश र स्थानीय विकास योजनाहरूका प्राथमिकता जिल्लाको सन्तुलित विकासका लागि मिल्दाजुल्दा बनाउन आपसी समन्वयका आधारमा प्रादेशिक प्राथमिकतासँग मिल्ने सुनिश्चितता गर्न सक्छन् ।

जिल्लामा कार्यरत सरकारी निकायहरूबीचमा आपसी समन्वयको अवस्था अनुगमन गरी आपसी समन्वयलाई प्रभावकारी बनाउन समय-समयमा जिल्लास्तरमा स्थानीय विकास कार्यक्रम र गतिविधिहरूमा संलग्न विभिन्न सरकारी निकाय, दातृ निकायसहितका स्थानीय संघ संस्थालाई एकै स्थलमा उपस्थित गराई सबै पक्षबीचको समन्वयमा देखापरेका समस्या र चुनौतीहरू पहिचान गरी सहभागितात्मक सहजीकरणको माध्यमबाट बाधा फुकाइ सौहाद्रताका साथ कार्यान्वयनका लागि सहजीकरण गरेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय राजस्व परामर्श समितिमा निजी क्षेत्रलाई प्रतिनिधित्व गराएर स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी दिने किसिमका नीति बनाई निजी क्षेत्रसँगको सहकार्यबाट दिगो आर्थिक समृद्धि हासिल गर्नेसम्बन्धी प्रावधान नै राखेको छ (ऐनको दफा ६५) । यस सम्बन्धमा जिल्ला समन्वय समितिहरूले आफ्नो जिल्लाभित्रका संस्थाहरूसँग समन्वय गरी स्थानीय आर्थिक विकासलाई प्रवर्द्धन गर्ने वातावरणका लागि सहजीकरण गर्ने तथा जिल्लामा कार्यरत निजी क्षेत्रका संस्थाहरू, स्थानीय तहलगायतका सरोकारवालासँगको सहकार्यको अवस्था अनुगमन गरी समन्वय हुन नसक्नुका कारण पहिचान गरी जिल्ला सभामार्फत प्रभावकारी समन्वयको भूमिका खेल्न सक्छन् ।

जिल्लाभित्रका सांस्कृतिक सम्पदा, वन, वातावरण तथा अन्य प्राकृतिक स्रोतको अवस्था पहिचान, संरक्षण, सञ्चालन तथा प्रवर्द्धनका लागि स्थापित संस्थागत संरचना तथा त्यसबाट भएका उपलब्धि तथा तिनीहरूको जगेर्नाका लागि स्थानीय समाज, समुदायहरूको भूमिका तथा आपसी समन्वय र सद्भावका सम्बन्धमा पनि जिल्ला समन्वय समितिले सामाजिक एकता र सामुदायिक विकास प्रवर्द्धन गर्न स्थानीय समुदायबीच प्रभावकारी समन्वय र सहजीकरणका प्रयास भएका छन् । ७७ वटै जिल्ला समन्वय समितिको छाता संस्था जिल्ला समन्वय समिति महासंघ नेपालको अगुवाइमा प्रथम राष्ट्रिय जलवायु सम्मेलन गरेर जलवायु परिवर्तन र यसका असरबारे व्यापक राष्ट्रियस्तरमा जनचेतना फैलाउने कार्यलाई निरन्तरता दिँदै आएको छ ।

प्राकृतिक तथा मानवीय कारणबाट आइपर्ने विपद् समाधान र व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय सरकारबीचको सहकार्यबाट विपद् प्रतिरोधका लागि पूर्वतयारी, विपद्का समयमा गर्नुपर्ने राहत, उद्धार तथा पुनःस्थापन र आधारभूत आवश्यकताको सहज आपूर्ति र शिक्षा, स्वास्थ्य र सुरक्षाका सम्बन्धमा आवश्यक स्रोत साधनका लागि समन्वय गर्ने पुनर्निर्माण तथा दिगो व्यवस्थापनका लागि नेतृत्व लिई जननिर्वाचित स्थानीय प्रतिनिधिको हैसियतले विपद् व्यवस्थापन योजनाहरू विकास गरी समन्वयात्मक ढंगले कार्यान्वयनको प्रबन्ध गर्ने कार्यमा जिल्ला समन्वय समितिहरू अग्रभागमा नै छन् ।

लैंगिक समानता तथा सामाजिक समावेशिताको अवधारणाअनुरूपको प्रबन्ध गरी लैंगिक समानता प्रवर्द्धन गर्ने, सीमान्तकृत समूहहरूको सेवा र स्रोतहरूमा पहुँच सुनिश्चित गर्दै स्थानीय विकास कार्यक्रम र गतिविधिहरूमा सामाजिक समावेशीकरणलाई बढावा दिनेगरी समन्वय गर्नुपर्छ । दिगो विकासका लक्ष्यलाई सन् २०३० सम्म हासिल गर्ने राष्ट्रिय अठोटमा जिल्ला समन्वय समितिहरूले स्थानीयकरण गर्न तथा कार्यान्वयनको ऐच्छिक स्थानीय कार्यसम्पादनको अध्ययन र प्रतिवेदन गर्ने तथा नेपाल सरकारले संयुक्त राष्ट्रसंघको उच्चस्तरीय राजनीतिक मञ्चमा पठाउने स्वैच्छिक राष्ट्रिय प्रतिवेदनका लागि सहकार्य गरी राम्रो पृष्ठपोषण गरेको छ र गर्न सक्छ ।

नेपालको नयाँ संविधानअनुसार जिल्ला समन्वय समिति जिल्लामा हुने स्थानीय विकास कार्यक्रम र गतिविधिहरूको समन्वय र पर्यवेक्षण गर्ने महत्त्वपूर्ण निकाय हो । यसले नगरपालिका र गाउँपालिकालगायतका स्थानीय सरकारका निकायहरूबीचको समन्वयलाई सहज बनाउने कार्य गर्नुपर्छ । स्थानीय तहका विकास योजनाहरू प्रादेशिक प्राथमिकताहरूसँग मिल्दोजुल्दो छ भनी सुनिश्चित गर्न प्रदेशहरूले जिल्ला समन्वय समितिलाई परिचालन गरी प्रभावकारी कार्यान्वयन र सम्बन्ध विस्तारका लागि कार्य गर्ने र जिल्ला समन्वय समितिले जिल्लाभित्रका पालिकाहरूलाई सघाउ पुग्ने गरी प्रदेश सरकारसँग समन्वय गर्नुपर्छ ।

साथै, स्थानीय विकास कार्यक्रम र गतिविधिहरूमा संलग्न विभिन्न सरकारी निकायहरूबीचको समन्वयलाई सहज बनाउनुपर्छ । जिल्लामा काम गर्ने गैरसरकारी संस्थाहरूसँग उनीहरूको कार्यक्रमहरू स्थानीय विकास प्राथमिकताहरूसँग मिल्ने सुनिश्चित गर्न समन्वय गर्नुपर्छ । स्थानीय आर्थिक विकासलाई प्रवर्द्धन गर्न जिल्लामा कार्यरत निजी क्षेत्रका संस्थाहरूसँग समन्वय गर्नुपर्छ । सामाजिक एकता र सामुदायिक विकास प्रवर्द्धन गर्न स्थानीय समुदायहरूबीच समन्वयलाई सहज बनाउनुपर्छ ।

स्थानीय आवश्यकता र प्राथमिकताहरूमा आधारित स्थानीय विकास योजनाको विकास र कार्यान्वयन गर्नुपर्छ । स्थानीय विकास कार्यक्रम र गतिविधिहरूलाई समर्थन गर्न स्थानीय स्रोत परिचालन गर्नुपर्छ । स्थानीय विकास कार्यक्रमहरू प्रभावकारी छन् भनी सुनिश्चित गर्न अनुगमन र मूल्यांकन गर्नुपर्छ । स्थानीय विकास कार्यक्रम र गतिविधिहरूमा नागरिकको सहभागितालाई सहज बनाइनुपर्छ । जिल्ला प्राकृतिक प्रकोपहरूको लागि तयार छ भनि सुनिश्चित गर्न जिल्ला समन्वय समितिले विपद् व्यवस्थापन योजनाहरू विकास र कार्यान्वयन गर्नुपर्छ । ज्ञान र स्रोत साझा गर्न र क्षेत्रीय विकास प्रवर्द्धन गर्न अन्य जिल्लाहरूसँग समन्वय गर्नुपर्छ । स्थानीय विकास कार्यक्रम र गतिविधिहरूमा लैंगिक समानतालाई बढावा दिनुपर्छ ।

स्थानीय तहमा सेवा र स्रोतहरूमा सीमान्तकृत समूहको पहुँच सुनिश्चित गर्दै स्थानीय विकास कार्यक्रम र गतिविधिमा सामाजिक समावेशीकरणलाई बढावा दिनुपर्छ । स्रोतको बाँडफाँड र उपयोगसहित सबै स्थानीय विकास कार्यक्रम र गतिविधिहरूमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरिनुपर्छ ।

माथिका कार्यहरू गर्न स्थानीय सरकार सञ्चालन ऐनमा संशोधन वा जिल्ला समन्वय समिति सञ्चालन ऐनसम्बन्धी छुट्टै ऐन जारी गर्न जिल्ला समन्वय समिति महासंघ नेपालले मस्यौदासमेत बनाएर नेपाल सरकारलाई उपलब्ध गराएको अवस्था छ । मौजुदा संघ, प्रदेश र स्थानीयतह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ का प्रावधानहरू महत्त्वपूर्ण छन् । जसमा संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धका अन्य आधार देहायबमोजिम हुने छन् भनेर (क) राष्ट्रिय हितका आधारभतू विषय, (ख) राष्ट्रिय गौरव र एकताको संरक्षण, (ग) राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको पालना र कार्यान्वयन, (घ) मौलिक हकको कार्यान्वयन, (ङ) राष्ट्रिय नीतिको सम्मान तथा कार्यान्वयनमा योगदान,

(च) संविधानका व्यवस्थाहरूको समग्रता र सामञ्जस्यता, (छ) लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादउन्मुख अर्थतन्त्र निर्माण, (ज) संविधानको अधीनमा रही साझा हित र सरोकारको विषयमा अधिकारको प्रयोग गर्दा अर्को तहको अस्तित्व र कार्यगत स्वायत्तताको सम्मान, (झ) नेपाली नागरिकबीच समान व्यवहार र सुरक्षा, (ञ) कानुन, नीति र न्यायिक वा प्रशासनिक निर्णय कार्यान्वयनमा आपसी समन्वय, परामर्श, सहयोग तथा सूचनाको आदानप्रदान, (ट) प्राकृतिक तथा भौतिक स्रोतको संरक्षण, (ठ) प्राकृतिक, भौतिक तथा वित्तीय स्रोतको दिगो व्यवस्थापन र लाभको न्यायोचित वितरण, (ड) भ्रष्टाचार निवारण र सुशासन प्रवर्द्धन, (ढ) पारस्परिक सहयोग र सहकार्य, (ण) समानुपातिक समावेशी तथा सहभागितामूलक शासन व्यवस्था अवलम्बन, (त) नागरिकलाई प्रदान गर्नेसेवाको प्रभावकारिता, (थ) व्यापार, वस्तुको ढुवानी र सेवाको विस्तारमा आपसी सहयोग र समन्वय, (द) संघ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा अन्तरसम्बन्ध कायम गर्ने सम्बन्धमा प्रचलित कानुनमा व्यवस्था भएको अन्य विषय । (२) प्रदेश र स्थानीय तहले आफ्नो अधिकारको विषयमा कानुन बनाउँदा उपदफा (१) मा उल्लेखित विषयलाई समेत आधार मान्नुपर्नेछ ।

मथिका विषयका लागि जिल्ला समन्वय समितिको संवैधानिक भूमिकाअनुसार जिल्लाको सन्तुलित विकासका लागि तीनैतहका सरकारसँग कार्यगत सहकार्यका पक्षमा किटानीसहित कार्य गर्ने प्रावधानसहितको नियमावली पनि जारी गर्नुपर्छ । स्थानीय तहका संघ महासंघलाई जिम्मेवारीसहित परिचालनको प्रावधान उक्त ऐन र नियमावलीमा राख्नुपर्छ ।

विद्यमान समन्वय र अन्तरसम्बन्ध ऐनको दफा २६ मा जिल्ला समन्वय समितिले देहायका विषयमा समन्वय गर्नेछ भनी उल्लेख छ । (क) संघ वा प्रदेशले स्थानीय तहमा गर्ने विकास निर्माणसम्बन्धी कार्य, (ख) जिल्लामा रहने संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय तथा स्थानीय तहबाट सम्पादन हुने कार्य, (ग) प्रचलित कानुनबमोजिम तोकिएका अन्य कार्य ।

(२) यस ऐनबमोजिम परिषद् वा प्रदेश समन्वय परिषद्मा पेस भएको कुनै विषयमा कुनै जिल्लाभित्रका स्थानीय तहबीचको समन्वयको विषय समावेश भएको र सो विषयमा जिल्ला समन्वय समितिबाट समन्वय वा सहजीकरण गर्दा उपयुक्त हुने देखिएमा परिषद् वा प्रदेश समन्वय परिषद्ले त्यस्तो विषय सम्बन्धित जिल्ला समन्वय समितिमा लेखी पठाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा जिल्ला समन्वय समितिले परिषद् वा प्रदेश समन्वय परिषद्बाट लेखी आएबमोजिम गरी परिषद् वा सम्बन्धित प्रदेश समन्वय परिषद्लाई जानकारी दिनुपर्नेछ ।

माथिका महत्त्वपूर्ण कार्यका लागि संविधानमा व्यवस्था भएको संरचना जिल्ला समन्वय समिति (संविधानको धारा २२०) लाई आवश्यक जनशक्ति, जनप्रतिनिधि र कर्मचारीलाई काम गर्ने ज्ञान, सीप, क्षमता विकासका कार्यक्रमसहितको आर्थिक स्रोत उपलब्ध हुन सकेको छैन । यस सम्बन्धमा हालै सम्पन्न राष्ट्रिय समन्वय परिषद्को बैठकले लिएका निर्ययहरू संघीयता कार्यान्वयनमा देखिएका अस्पष्टता र दोहोरोपन हटाउने, कानुन निर्माण गर्ने, जनशक्ति व्यवस्थापन र सेवा प्रवाहमा प्रभावकारिता ल्याउने, राष्ट्रिय तथ्यांकको एकीकृत अभिलेख प्रणालीको प्रबन्ध तथा परिषद्को बैठक सञ्चालन कार्यविधि निर्माण आदि हेर्दा जिल्ला समन्वय समितिको भूमिका र संलग्नता बढाउन सकिने हुनाले सरकारले यस संरचनालाई परिचालनमा ध्यान दिनु आवश्यक छ ।

kneupane47@gmail.com

## पत्र–मञ्जुषा

# नरोकियोस् गृहमन्त्रीको सकारात्मक कदम

न्याय नपाए गोरखा जानू भन्छन् मान्छे । त्यसो भनेझैं गृहमन्त्री नारायणकाजी श्रेष्ठका लागि अहिलेको अवस्था अति नै शुभ छ । यस शुभ घडीको मूल्यांकन पनि राम्रो र गुनिलो श्रद्धायोग्य छ । यसलाई सुवर्ण मौका हो भनेर काम गर्नुपर्छ । सारा जनताको चाहना पनि यही नै हो । यसैबाट सुन्दर नेपाल बन्छ । यो समयको माग पनि हो । समय वलवान पनि हो । एक्काइसौं शताब्दीको शौभाग्य योगको घडी हो यो समय ।

गृहमन्त्रीज्यू, तपाईको भूमिका महत्त्वपूर्ण छ । यो देशलाई माया ममता स्नेह कति बहुमूल्य छ तपाई बुझ्नुहुन्छ । तपाईको मनको भावना जनजनको आँखा-आँखामा छ । विधिको शासन नेपालको कानुन छुट्टै पाटो हो । जनताको पीडा घाउ र वास्ता पनि गरेनन् कसैले । अब नारायणकाजी श्रेष्ठ गृहमन्त्री भनेको नेपालको गृह साराको हो । तपाईले अहिलेसम्म देशका लागि त्याग र तपस्या गरेको पाइयो । हाम्रो नारायणकाजी भनेको माओवादीको मात्र होइन, जसले राम्रो काम कर्तव्य बुझिन्छ त्यो नेपालको आँखा समान हुन्छ । नारायणकाजी श्रेष्ठले नेपाल नै श्रेष्ठ बनाउँछ । जंगबहादुर राणालाई त्यसै भनेको होइन । कयौं त्याग तपस्याले जंगबहादुर राणा भनेको हो । स्वार्थी समाज पुँजीवादी वर्गलाई मन परेन । यो ध्रुवसत्य हो र विधिको शासन भन्दै खाली हुनेखानेकै पेवाजस्तै बिर्ताजस्तै आफ्नै परिवारको हाता नाताले मात्रै राज चलाउने नियत भयो भने राम्रो हुँदैन ।

जघन्य अपराध गर्नेको कहिलेसम्म चल्ने हो राज यहाँ ? देश कंगाल बनाउने नेपालीलाई भुटानी शरणार्थी बनाउने कहाँको नियम हो ? कुन राष्ट्रको नियम हो । सारा महिनामा प्रत्येक महिनामा हुने महिनावारी एक शुभ संकेत हो । त्यही महिनावारीबाट स्वास्थ्य सफा हुन्छ । सुन्दर सुयोग्य बच्चा पैदा हुन्छ । त्यही बच्चाको सुन्दर मुहारबाट सबै परिवार शितलताको मुहार हाँसोको पात्र बन्छ ।

शासकवर्गले पनि यथाशीघ्र कानुन बनाउनु आजको आवश्यकता हो । नत्र दूधको साक्षी बिरालो भन्न नपर्ला । देशको छवि बिगार्नेलाई कालोमासो दलेर देशद्रोहीको मुद्दा चलाउने देशैबाट निकाल्नुपर्छ । वीर गणेशमान सिंहको विचार र सिद्धान्तलाई बन्धकमा राख्ने जो कोही पनि कांग्रेस पार्टीको नेतागण जनता पनि हुनै सक्दैन । 'आजको उधारो, भोलि नगद' गर्ने अपराधीले खोलानाला अल्पज्ञानी अन्धविश्वासले विदेशको सामु शिरझुक्ने काम गर्नेलाई श्रीलंकामा जस्तै घरघरमा खानतलासी गर्ने अब धेरै दिन कुर्नै पर्दैन । देश बिगार्ने महिलालाई पनि बाँकी नराखे हुन्छ ।

*– तुल्सीनारायण लाखेमरु,*
*सूर्यविनायक, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

### नारायणगढ-मुग्लिनको वैकल्पिक सडक

# शक्तिखोर-फिस्लिङ अन्तिम चरणमा

**भरतपुर-** असार महिना लागेपछि पहिरोका कारण नारायणगढ-मुग्लिन सडकखण्डमा पटक-पटक अवरुद्ध हुँदै आएको छ । घन्टौंसम्म सडक सञ्चालन नहुँदा हजारौं यात्रु सास्ती खेप्न बाध्य भएका छन् । कतिपय यात्रु त अत्यावश्यक काम हुँदा पनि पहिरोका कारण गन्तव्यमा पुग्न सक्दैनन् । यो सडकखण्डमा यस वर्षमात्र होइन, प्रत्येक वर्ष पहिरोले दुःख दिने गरेको छ । नारायणगढ-मुग्लिन सडकखण्डको सास्तीले यो सडकखण्डको वैकल्पिक राजमार्ग बनाउनुपर्छ भन्ने कुरा पटक-पटक उठ्ने गरेको छ ।

यो राजमार्गको विकल्पका रूपमा चितवनमै अर्को पनि सडक छ । त्यो सडक हो- शक्तिखोर-फिस्लिङ ग्रामीण सडक । यो सडकखण्डको अधिकांश काम सकिएको छ । साना सवारी र मोटरसाइकलमा यो सडकखण्ड हुँदै यात्रा गर्न सकिन्छ । तर, यो सडकखण्डको काम पूर्ण नहुँदा र नागरिकलाई पर्याप्त जानकारी नहुँदा वैकल्पिक सडकको रूपमा प्रयोगमा आउन सकेको छैन ।

पृथ्वी राजमार्गअन्तर्गत फिस्लिङबाट शक्तिखोरसम्मको ४५ किलोमिटरको दूरी रहेको यो सडक 'सिंगल लेन'को हो । नारायणगढ-मुग्लिन सडकखण्डमा बारम्बार सास्ती व्यहोरेका यात्रुले फिस्लिङ-शक्तिखोर सडकलाई विकल्पका रूपमा पनि प्रयोग गर्न सक्ने इच्छाकामना गाउँपालिका अध्यक्ष दानबहादुर गुरुङ बताउँछन् । उनले यो सडक पूर्णरूपमा निर्माण सम्पन्न भएपछि इच्छाकामना गाउँपालिकाको विकासको ढोका खुल्ने बताए । अहिले पनि नारायणगढ-मुग्लिन सडकखण्डमा पहिरो गएको समयमा कतिपय यात्रुले यो सडकखण्ड प्रयोग गर्ने गरेको उनले बताए ।

इच्छाकामना गाउँपालिका-३ का अध्यक्ष नरबहादुर नेपालले रिग्दीखोलामा पुल निर्माण नभएका कारण यो सडकखण्ड पूर्णरूपमा सञ्चालनमा आउन नसकेको बताए । 'प्रदेश सरकारबाट पुल निर्माणको काम त सुरु भएको छ, तर निर्माण सम्पन्न भएपछि मात्र सहजरूपमा यात्रा गर्न सकिन्छ,' उनले भने । तोलाङको भिरमा पहिरो गएका कारण बोलेरो गाडी मात्र छिर्न सक्ने अवस्था रहेको उनले जानकारी दिए । यो सडकले फिस्लिङ-तोलाङ-बाँसपुर-ओर्लाङ-मायाटार-तेर्से-उपरदाङगढी-शक्तिखोर जोड्छ ।

प्राविधिक समस्याका कारण चार ठाउँमा सडक कालोपत्र नगरिएको ग्रामीण सडक सञ्जाल सुधार आयोजनाका इञ्जिनियर राकेश रोशनले जानकारी दिए । उनले केही खोल्सा र खोलामा पुल निर्माणको काम बाँकी रहेको भन्दै त्यो प्रदेश सरकारबाट निर्माण भइरहेको जानकारी दिए ।

ग्रामीण सडक सञ्जाल सुधार आयोजनाअन्तर्गत एसियाली विकास बैंकको अनुदानमा ८७ करोड रूपैयाँको लागतमा ठेक्का सम्झौता भएको सडकको समयमै काम सम्पन्न नगरेका कारण निर्माण कम्पनीलाई क्षतिपूर्ति तिराउने तयारी गरिएको इञ्जिनियर रोशनले बताए । उनले भने, 'बाँकी काम सम्पन्न गर्ने दायित्व पनि यही निर्माण कम्पनीको हो । यो वर्ष जसरी पनि काम सक्न भनेका छौं ।' पाँच-छ महिनामै यो सडकखण्डको २५ किलोमिटर क्षेत्रमा कालोपत्र भएको भन्दै उनले चाहेको खण्डमा एक-दुई महिनाभित्र निर्माण कम्पनीले काम गर्न सक्ने बताए ।

वि.सं. २०७५ देखि निर्माण सुरु भएको यो सडकखण्डको पाँचपटक म्याद थप्दा पनि काम सम्पन्न हुन नसकेको हो । अन्तिमपटक चैतसम्म म्याद थियो । तीन वर्षसम्म यही निर्माण कम्पनीले सडक मर्मतको काम गर्नुपर्ने इञ्जिनियर रोशनले बताए । केही वर्ष पहिले आरआरएनले १२ करोड रूपैयाँ खर्चेर यो सडकको ट्र्याक खोलेको थियो । चार दशमलव पाँच मिटर चौडाइको यो सडक अहिलेसम्म ३० किलोमिटरमात्रै कालोपत्र भएको छ ।

यो सडक निर्माणको जिम्मा साङछी एण्ड आशिष जेभीले पाएको हो । साङछी एण्ड आशिष जेभीका इञ्जिनियर सञ्जयकुमार महतोले आफूहरूले नै यो वर्ष काम सम्पन्न गर्ने बताए । उनले चार ठाउँमा झण्डै पाँच किलोमिटर सडक कालोपत्र गर्न बाँकी रहेको जानकारी दिए । उनले यो सडकखण्ड नारायणगढ-मुग्लिन सडकखण्डको वैकल्पिक मार्ग हुने भन्दै साना सवारीसाधन सञ्चालन गर्न सकिने बताए । चेपाङको बाहुल्य रहेका पहाडमा कालोपत्रसहितको सडक निर्माण हुने भएपछि यहाँका स्थानीय खुसी बनेका छन् । स्थानीय वीरबहादुर चेपाङले दिनभर हिँड्नुपर्ने सडक कालोपत्र भएपछि एक-दुई घण्टामै पार गर्न सकिने बताए । स्थानीय उत्पादनलाई बजारसम्म लैजान सडक निर्माणपछि सहज भएको उनको अपेक्षा छ ।

प्रदेशसभा सदस्य कृष्ण सिलवालले सडक निर्माणपश्चात् पहाडी क्षेत्रमा पर्यटक चहलपहल बढ्ने र शक्तिखोर व्यापारिक केन्द्र बन्ने बताए । उनले मलेखु-भण्डारा चेपाङमार्गसमेत यो सडकमा जोडिने र नारायणगढ-मुग्लिन सडकको वैकल्पिक सडकका रूपमा विकास हुने धारणा राखे । उनले सिराइचुली, उपरदाङगढी, सिन्ती झरनालाई मूल सडकमा जोड्न प्रदेश सरकार अग्रसर रहेको बताए । *रासस*

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAHEM AL-AWALI GENERAL CONTRACTING COMPANY IS A ONE-PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७९/०७/२३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२० LT. No.275328 चलानी नं. ६०१९०८२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload And Download Operator | 40 | 0 | 1200 | ४१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २८ गते (13th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११७७/०७३/०७४

**Pari Overseas Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LEAN LEE TRADING COMPANY SDN BERHAD

पूर्व स्वीकृति मिति २०७९/०४/२० पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२० LT. No. 268515 चलानी नं. ६०१८४५५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 36 | 0 | 1500 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २८ गते (13th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १४३५/०७४/७५

**KINGFISHER OVERSEAS PVT.LTD**

Gairigaun 9 Tinkune, Kathmandu,Nepal.
Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PERFECT METAL INDUSTRIAL (M) SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०३/११ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२० LT. No. 288248 चलानी नं. ६०२०३८५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 4 | 0 | 1500 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LADANG PPLR SDN. BHD

पूर्व स्वीकृति मिति २०८०/०३/११ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२० LT. No. 288450 चलानी नं. ६०२०३८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Oil Palm Worker | 30 | 0 | 1500 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २८ गते (13th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

918/067/68

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**

Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TITAN HEAVY LIFT COMPANY LIMITED

पूर्व स्वीकृति मिति २०७९/१२/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२० LT. No. 283747 चलानी नं.६०२००४५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 7 | 0 | 1800 | ६२,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २८ गते (13th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**

Licence No.: 811/065/066

पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति २०८०/०२/१६ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२० LT. No. 286893 चलानी नं. ६०२०२२५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 1 | 4800 | १७४,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Beautician | 0 | 8 | 1800 | ६५,३४० | | | | | | | |
| 3 | Hanna Beautician | 0 | 2 | 1800 | ६५,३४० | | | | | | | |
| 4 | Manager Variety | 0 | 1 | 6000 | २१७,८०५ | | | | | | | |
| 5 | Supervisior | 0 | 2 | 2500 | ९०,७३० | | | | | | | |

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL

पूर्व स्वीकृति मिति २०८०/०२/२० पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२० LT. No. 287122 चलानी नं. ६०२०२५१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Supervisor | 1 | 0 | 3500 | १२७,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Business Executive | 1 | 0 | 4000 | १४५,१६५ | | | | | | | |
| 3 | Data Analyzer | 5 | 0 | 2700 | ९७,८०० | | | | | | | |
| 4 | Foreman | 8 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 5 | General Clean Worker | 4 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 6 | Helper | 10 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 7 | Labour | 20 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 8 | Painter | 1 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 9 | Supervisior | 3 | 0 | 2500 | ९०,७३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २८ गते (13th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SWEET AND SOUR FOUNDATION FOR THE PROVISION OF BEVERAGES SERVICES EST

पूर्व स्वीकृति मिति २०८०/०३/११ LT. No. 288516 चलानी नं. ६०२०४२५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 2 | 0 | 1300 | ४५,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २८ गते (13th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. Lic. No. 816/065/066

**IMPERIAL OVERSEAS PVT. LTD.**

Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4585530
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAX SALOON CO.FOR MEN

पूर्व स्वीकृति मिति २०७९/१२/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२० LT No :283811 चलानी नं. ६०१९९१७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Vehicle Driver | 8 | 0 | 135 | ५७,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MIRO LINE RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति २०८०/०१/०५ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२० LT No :284946 चलानी नं. ६०१८९३४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Juice Maker/coffee Maker/waiter/waitress/prepare | 20 | 50 | 130 | ५५,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HOUSEKEEPERS GENERAL CLEANING COMPANY FOR BUILDING

पूर्व स्वीकृति मिति २०८०/०३/२० LT. No. 288954 चलानी नं. ६०२०४२६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver / Truck Driver / Driver | 5 | 0 | 140 | ५९,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 5 | 5 | 100 | ५९,६१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २८ गते (13th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक ७३ असार २० गते २०८० मा प्रकाशित Pigeon International Overseas Pvt. Ltd. को Lot No. 277936 को Plant Of Saudi Detergent Powder Co. कम्पनीको विज्ञापनमा **अन्तरवार्ता मिति:** २०८० असार २७ (12th July) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

श्रम ईजाजत नं. ३८४/०५९/०६०

**Pigeon International Overseas Pvt. Ltd**

Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.co.np

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०३/०५ गते सूर्य दर्शन हाइट ढलमल घरमै पार्किङ स्थलबाट २२० CC पल्सर कालो/रातो रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**धनीको नाम :** होम बहादुर गुरुङ
**बाइक नं.:** बा प्र. ०२-३० प ६७८३
**च्यासिस नं.:** MD2A13EX3MCD87732
**इन्जिन नं. :** DKXCMD07395
**मो.नं.:** ९८०४११२४६३

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SCHOTT GLASS MALAYSIA SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/११/२६ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२० LT. No. 282413 चलानी नं. : ६०१९७८७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 50 | 1500 | ४४,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २८ गते (13th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैँले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**

श्रम ईजाजत नं. ४५१/०६०/०६१

Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशन मिति २०८०/०३/२१)**

यस कार्यालयबाट मिति २०८०/०१/२७ गतेका दिन कारोबार राष्ट्रिय दैनिक प्रकाशित प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) र कृषि विकास बैंक लि. आर्थिक प्रशासन विनियमावली २०६४ को विनियम ८० (ख) को उपविनियम (२) र विनियम १०६ बमोजिम बोलपत्रहरु स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.स | बोलपत्रको विवरण | स्वीकृत बोलपत्रदाताको नाम, ठेगाना | स्वीकृत बोलपत्र रकम भ्याट र ईन्सुरेन्स सहित |
|---|---|---|---|
| १. | Invitation Number : ADBL/CS/06/079/80 Construction of Civil, Electrical and Other Related Interior Decoration works at ADBL Province Janakpur, Dhanusha . | **Navaraj Infrastructure Pvt.Ltd., Kamala-8, Dhanusa** | रु.१,१६,५२,१०३।११ (एक करोड सोह्र लाख बाउन्न हजार एक सय तीन र ११/१००) |
| २. | Invitation Number : ADBL/CS/07/079/80 Construction of Compound Wall and ATM Room at ADBL Province Office, Surkhet. | **J. M. Nirman Sewa Kohalpur-3, Banke** | रु.२२,९१,५३६।७७ (बाइस लाख एकान्नब्बे हजार पाँच सय छत्तिस र ७७/१००) |

**कृषि विकास बैंक लि.**
**भौतिक सम्पत्ति व्यवस्थापन विभाग**
**मुख्य कार्यालय रामशाहपथ, काठमाडौं**

प्रभाव दैनिक

रूपशाला

बिहीबार, २१ असार २०८० (Thursday, July 06, 2023)

## नवलको 'काँडेतार' २५ फागुनबाट

फिल्म 'काँडेतार' २५ फागुनबाट सार्वजनिक प्रदर्शनमा आउने भएको छ । निर्माता तथा निर्देशक नवल खड्काले आइतबार आफ्नो जन्मदिनको अवसर पारेर फिल्मको एक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति बाहिर ल्याएका हुन् । नेपाल र भारतको सीमामा काँडेतार लगाइनुपर्छ भन्ने बिषय समेटिएको फिल्मको सार्वजनिक पोस्टरमा उनी खुकुरी लिएर उभिएको अवतारमा प्रस्तुत भएका छन् । पोस्टरको पृष्ठभूमिमा काँडेतारको बार लगाएको देख्न सकिन्छ । केही अगाडि सेन्सरको लफडामा पनि परेको फिल्म सेन्सर बोर्डले केही दृश्य र संवादमा आपत्ति जनाउँदै रोकिदिएपछि केही दृश्यमा काटछाट गर्दै सेन्सर पास भएको थियो । फिल्मलाई आर्थिक अनुदान, करमा छुट, स्वदेशमा एकल रिलिजको वातावरण बनाइदिन र विदेशमा प्रदर्शनका लागि कूटनीतिक पहलका लागि सरकारसँग आग्रह गरेका छन् ।



# सजिनाले जितिन् 'स्पेस एण्ड डिजाइन एक्सो-२०२३' को उपाधि



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'स्पेस एण्ड डिजाइन एक्सो-२०२३' को उपाधि सजिना सुवालले हात परेकी छन्। आईआईएफटी स्कुल अफ फेसन एण्ड इन्टरियर डिजाइनको आयोजनमा पहिलो पटक आयोजित प्रतियोगीतामा उनले शीर्ष उपाधि हात पारेका हुन् ।

प्रतियोगितात्मक एक्स्पो कार्यक्रममा इन्टरियरहरूको छाता संगठन आइडिया नेपालका पधाधिकारीहरूको निर्णयमा पबिन कार्की र स्वस्तिका राजभण्डारी क्रमस दितिय र तृतीय हुन सफल भए, भने पब्लिक चोइएस अवार्ड दीक्षित खड्काले हात पारिन् ।

विजेतालाई संसद् प्रदीप पौडेल र पूर्वमन्त्रि भीमसेन दास प्रधान लगायतले नगद तथा ट्रफी प्रदान गरेका थिए । विजेताालाई नेपोभीट टैल्सको तर्फाबाट नगद पुरस्कार प्रदान गरिएको थियो । 'स्पेस एण्ड डिजाइन एक्सो-२०२३'ले नयाँ पुस्तामा भएको प्रतिभालाई उजागर गर्ने अपेक्षा लिएको एक्साकी निर्देशक विपना थापाले बताइन् ।

सिटी सेन्टरमा शुक्रबार सुरु भई शनिबार साँझ सकिएको एक्स्पोमा आईआईएफटीका अध्ययन गर्ने ५१ जना विद्यार्थीहरूले आ-आफ्ना डिजाइनमा क्याफेका मोडेलहरू तयार परेर प्रदर्शनीमा राखेको थिए ।

शुक्रबार एक्सोको उद्घाटन 'मिस नेपाल वर्ल्ड २०२३' श्रीच्छा प्रधान, मिस नेपाल अर्थ २०२३ रैना मजगैयाँ तथा मिस नेपाल इन्टरनेशनल २०२३ का विजेता प्रसिद्धी शाहले संयुक्त रूपमा गरेका थिए ।

# 'बगान' को ट्रेलर सार्वजनिक
## करिश्मा र प्रमिलाको अभिनयको प्रशंसा

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौँमा एक कार्यक्रमको आयोजना गर्दै नेपाली चलचित्र 'बगान' को ट्रेलर सार्वजनिक गरिएको छ । सार्वजनिक एकल आमाको संघर्ष, सामाजिक द्वन्द्व, चाहना र सन्तान प्रतिको दायित्वलाई देखाईएको छ। ट्रेलरमा आमाको भूमिकामा रहेकी करिश्मा मानन्धर र छोरीको भूमिकामा रहेकी प्रमिला कार्कीको अभिनयले प्रसंशा बटुलेको छ ।

आयोजित कार्यक्रममा ट्रेलर देखाईएपछि उनीहरू दुवैलाई बधाई दिईएको थियो । ट्रेलरमा करिश्मासँग प्रेम गर्ने पात्रको रूपमा अभिनेता तथा यस चलचित्रका निर्देशक सरोज खनाललाई देखाईएको छ । अभिनेत्री कार्कीको प्रेमीको रूपमा अभिनेता आकाश श्रेष्ठलाई राखिएको छ । अभिनेता नीर शाहलाई पुरातनवादी सोच राख्ने पात्रको रूपमा राखिएको छ भने अभिनेत्रीद्वय बसुन्धरा भुसाल र मिथिला शर्मालाई पनि ट्रेलरमा समेटिएको छ ।

'मैले यो पात्रलाई महसुस गर्न मेरो आमाका संघर्षका दिन सम्झिए । बाल्यकालमै म मेरो बहिनीलाई लिएर उहाँ घरबाट निस्किनु भएपछि गर्नुभएको संघर्षले हामीलाई मजबुत बनाएको हो', अभिनेत्री मानन्धरले भनिन्,'यसमा एकल आमा प्रति सन्तान, परिवार र समाजको दायित्व देखाईएको छ । एक हिसाबले एकल आमाको जीवनलाई यसमा देखाएका छौं ।'

कार्यक्रममा बोल्दै अभिनेत्री कार्कीले आफू भन्दा सिनियर कलाकारहरूको सहायताले पर्दामा भूमिकालाई जिवन्त बनाउन सकेको प्रतिक्रिया दिईन् । उनले भनिन् ,'मभन्दा अनुभवी र पुराना कलाकारले समेत मलाइ सहज बनाइ दिनुभयो । मेरो वास्तविक जीवनसँगै मिल्ने स्वभाव यसमा देखाईएको छ । म एक किसिमले मेरो व्यक्तिगत जीवनसँग नजिक रहेको पात्रमा छु ।'




कार्यक्रममा बोल्दै निर्देशक तथा अभिनेता खनालले नेपालमा अहिले करिब १५ लाख जना एकल आमा रहेकोमा सबैले यो चलचित्र हेर्न पाउन भन्ने उद्देश्यले निशुल्क चलचित्र हेर्ने व्यवस्था गरेको बताए । उनले भने,'आज हामीले ६ जना एकल आमाहरूलाई प्रतिनिधि पात्रको रूपमा सम्मान प्रदान गर्दैछौं । नेपालका सबै एकल आमाहरूलाई बिर्सन नसकेर निशुल्क चलचित्र देखाउने निर्णय गरेका हौं ।'

कार्यक्रममा एकल आमाको प्रतिनिधित्व गर्ने प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना, पूर्व बागमती प्रदेश प्रमुख तथा माइती नेपालकी अध्यक्ष एवं सिएनएन हिरो अनुराधा कोइराला, कोशी प्रदेश सभा सदस्य मीना श्रेष्ठ, पत्रकार बबिता बस्नेत, अभिनेत्री करिश्मा मानन्धरकी आमा कोमल कुमारी केसी र अभिनेत्री पुजा शर्माकी आमा दुर्गा सापकोटालाई सम्मान प्रदान गरिएको थियो । नेपालकी पहिलो नायिका भुवन चन्द, पहिलो रंगीन चलचित्रकी नायिका चैत्यदेवि सिंह, नेपालकी पहिलो हाँस्यकलाकार बशुन्धरा भुषाल र अभिनेत्री करिश्मा मानन्धरले सम्मान प्रदान गरेका थिए ।

'बगान' मा निर्देशक खनाल र करिश्मासँगै नीर शाह, बसुन्धरा भुषाल, मिथिला शर्मा, प्रमिला कार्की, आकाश श्रेष्ठ लगायतका कलाकारले अभिनय गरेका छन् । गीतकार सुरेश वाग्लेको निर्माण तथा स्वप्निल नीरवको कथामा तयार भएको चलचित्रमा गौरीशंकर धुजुले छायांकन निर्देशन, उत्सव दाहाल र नारायण जिसीले छायांकन, सन्देश शाहले सम्पादन, समिर मियाँले भि.एफ.एक्स. तथा रेनिश फागोले रंग संयोजन गरेकाछन् । प्रदर्शनका लागि चलचित्रको वितरण रिच इन्टरटेन्मेन्ट र डिसिएनले काठमाडौं उपत्यका र मोफसलमा एफडी कम्पनीले गर्दैछ ।

# 'नेपाल अफ्रिका चलचित्र महोत्सव' मा १२ देशका २२ चलचित्र

**काठमाडौं (प्रस)–** यही असार २३ देखि २५ गतेसम्म सञ्चालन हुने तीनदिने 'नेपाल अफ्रिका चलचित्र महोत्सव २०२३' को एघारौं संस्करणमा १२ देशबाट २२ चलचित्र सहभागी हुने भएका छन् ।

कलेज अफ जर्नालिज्म एन्ड मास कम्युनिकेसनको आयोजना र चलचित्र विकास बोर्ड तथा विलक्षण क्रिएसनको सहआयोजनामा रहेको कार्यक्रमले नेपाल र अफ्रिकाको संस्कृति आदानप्रदान गर्ने महोत्सवका अध्यक्ष मञ्जु मिश्रले जानकारी दिइन्। उनले भनिन्, 'दुई फरक महाद्वीपलाई जोड्न महोत्सव निरन्तर आयोजना गरिरहेका छौं, महोत्सवमा ११ देशबाट १० अफ्रिकन र नेपालबाट १२ चलचित्र तथा वृतचित्र सहभागी भएका छन् ।'

महोत्सवमा एक दिवसीय अभिनय कार्यशाला 'नेपाली छोटो चलचित्रको राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजार' विषयमा अन्तरक्रियासमेत हुने महोत्सवका निर्देशक डब्बु क्षत्रीले जानकारी दिनुभयो । महोत्सवको आयोजना जमलस्थित नाचघरमा हुनेछ ।

## रंगशाला

साफ च्याम्पियनसिप

# भारत बन्यो साफ च्याम्पियन
## नेपाललाई 'फेयर प्ले' अवार्ड



■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतले साफ च्याम्पियनसिप फुटबलको उपाधि जितेको छ। मंगलबार बेंगलोरमा भएको फाइनल खेलमा कुवेतलाई पेनाल्टी सुटआउटमा ५-४ ले हराउँदै भारतले उपाधि उचालेको हो । निर्धारित र अतिरिक्त समयको खेल १-१ गोलको बराबरीमा सकिएपछि निर्णय पेनाल्टी सुटआउटमा गरिएको थियो ।

शबैश अल खाल्दीले खेलको १४ औं मिनेटमा गोल गर्दै कुवेतलाई सुरुआती अग्रता दिलाएका थिए । लल्लियान्जुआला चाग्तेले ३८ औं मिनेटमा गोल गर्दै भारतलाई बराबरीमा ल्याउन सफल भए ।

पेनाल्टी सुटआउटमा कुवेतका कप्तान खालिद हाजियाको प्रहार गोलकिपर गुरप्रित सिंह सन्धुले रोकेपछि भारत प्रतियोगिताको च्याम्पियन बनेको हो ।

समूह चरणको खेलमा दुवै टोलीले १-१ गोलको बराबरी खेलेका थिए । भारतले नवौं पटक साफ च्याम्पियनसिप प्रतियोगिताको उपाधि उचाल्न सफल भएको छ ।

भारतले यसअघि १९९३, १९९७, १९९९, २००५, २००९, २०११, २०१५ र २०२१ मा साफ फुटबलको उपाधि जितेको थियो । प्रतियोगिताको १४ वर्षमा भारत ९ पटक च्याम्पियन बनेको हो । उपाधिसँगै भारतले ५० हजार अमेरिकी डलर रूपैयाँ प्राप्त गर्न सफल भएको छ । उपविजेता कुवेतले २५ हजार अमेरिकी डलर प्राप्त गरेको छ ।

### नेपाललाई साफको 'फेयर प्ले' अवार्ड

नेपालले साफ च्याम्पियनसिप फुटबलमा 'फेयर प्ले' अवार्ड प्राप्त गरेको छ । साफ च्याम्पियनसिपको समापन समारोहमा नेपाललाई फेयर प्ले अवार्ड प्रदान गरिएको हो । नेपालकोतर्फबाट साफमा सहभागी रेफ्री प्रज्जवल क्षेत्रीले सो अवार्ड लिएका थिए । साविक उपविजेता नेपाल प्रतियोगिताको समूह चरणबाटै बाहिरिएको थियो । नेपाल समूह चरणमा कुवेतसँग ३-१ र भारतसँग २-० ले पराजित बनेको थियो । समूह चरणको अन्तिम खेलमा नेपालले पाकिस्तानलाई १-० ले पराजित गरेको थियो ।

## सन्दीपको वरीयतामा सुधार

**काठमाडौं (प्रस) –** नेपाली राष्ट्रिय क्रिकेट टोलीका बलर सन्दीप लामिछानेको एकदिवसीय अन्तराष्ट्रिय (ओडिआई) तर्फको बलिङ वरीयतामा सुधार भएको छ । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले सार्वजनिक गरेको नयाँ वरीयतामा सन्दीप एक स्थान माथि उक्लिएका छन् ।

एक स्थान वरीयता सुधार गरेका सन्दीप २४ औं स्थानमा रहेका छन् । बलिङ तर्फ नै सोमपाल कामी २ स्थान खस्किएर ७८ औं स्थानमा रहँदा दीपेन्द्र सिंह ऐरी ५ स्थान तल झरेर ६२ औं स्थानमा रहेका छन् ।

अर्का तीव्र गति बलर करण केसी भने २ स्थान सुधार गर्दै ८७ औं स्थानमा रहेका छन् । ब्याटिङ तर्फ भने नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेल १ स्थान खस्किएका छन् ।

नयाँ वरीयतामा रोहित ७३ औं स्थानमा रहेका छन् । ब्याटिङतर्फ नै ओपनर ब्याटर आसिफ शेख ४ स्थान खस्किएर ७७ औं स्थानमा रहेका छन् ।

# पूर्वमुख्यमन्त्री राजेन्द्र र लिलबहादुरलाई उपाधि

■ प्रभाव संवाददाता




**काठमाडौं–** कोशी प्रदेशका पूर्वमुख्यमन्त्री राजेन्द्र कुमार राई र गण्डकी प्रदेश सांसद लिल बहादुर थापाको जोडीले मदन स्मृती ब्याडमिन्टन प्रतियोगिताको उपाधी हात पार्न सफल भएका छन् ।

ललितपुरस्थित रिभाईभ रिक्रियसन सेन्टरमा भएको प्रतियोगितामा राई र थापाको जोडीले दिलमान पाख्रिन र यज्ञराज सुनुवारको जोडीलाई फाईनलमा २१-१७, २१-१९ ले पराजित गरेको हो ।

प्रतियोगितामा पूर्व उपप्रधानमन्त्री एवं राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापा र गणेश थापाको जोडी तथा नवराज सिलवाल र पूर्व मन्त्री भानुभक्त ढकालको जोडी संयुक्त तेश्रो भए ।

नेकपा एमाले निकट संस्था नेपाल खेलकुद महासंघको आयोजना तथा नेकोस राष्ट्रिय ब्याडमिन्टन संघको व्यवस्थापनमा भएको प्रतियोगिताको फाईनल प्रवेश गर्ने क्रममा राजेन्द्र कुमार राई र लिल बहादुर थापाको जोडीले कमल थापा र गणेश थापाको जोडीलाई २१-१६, २१-१७ ले तथा दिलमान पाख्रिन र यज्ञराज सुनुवारको जोडीले नवराज सिलवाल र भानुभक्त ढकालको जोडीलाई २१-६, २१-७ ले पराजित गरेका थिए ।

बिजयी खेलाडीलाई प्रमुख अतिथी राष्ट्रिय सभाका सम्माननिय अध्यक्ष गणेश कुमार तिमल्सिना, नेकपा एमाले खेलकुद इन्चार्ज कर्ण थापा, खेलकुद महासंघका अध्यक्ष परशुराम बस्नेत लगायतले पुरस्कार वितरण गरेका थिए ।

जननेता मदन भण्डारीको ७२ औ जयन्तीको अवसरमा आयोजित प्रतियोगितामा संविधान सभा सदस्य, भूपु तथा वर्तमान राष्ट्रिय सभा, प्रतिनिधी सभा र प्रदेश सभा सदस्य एवं मन्त्रीहरू गरि ६४ जोडीको सहभागिता रहेको थियो ।

# मनास्लु वर्ल्ड र बलर्स एकेडेमीलाई उपाधि

**काठमाडौं (प्रस)–** मनास्लु वर्ल्ड कलेज र बलर्स बास्केटबल एकेडेमीले चौथो सूर्योदय एसइइ खुला थ्री बाइ थ्री बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन् । बुधबार भएको खेलमा मनास्लु ब्वाइज तथा बलर्स गल्समा च्याम्पियन बने ।

घट्टेकुलोस्थित आयोजक सूर्योदय माविको कोर्टमा भएको ब्वाइज फाइनलमा मनास्लुले ग्रान्डीलाई १७-१६ को साँघुरोअन्तरले पराजित गऱ्यो । उपाधिसँगै मनास्लुले १५ हजार तथा बलर्सले १० हजार नगद पुरस्कार प्राप्त गरे । टाइम आउट तेश्रो भयो ।

गल्सको रोमाञ्चक उपाधि भिडन्तमा बलर्सले आईएसए नेपाललाई अत्तिरिक्त समयमा १२-११ ले हरायो । निर्धारित समयको खेल १०-१० को बराबरीमा टुंगिएको थियो । बलर्सले १० हजार तथा आईएसएले ५ हजार नगद पुरस्कार पाए । टिम्सले तेश्रो स्थानमा चित्त बुझायो ।

ब्वाइज-गल्स दुवैमा शीर्ष तीन स्थान हात पार्नेले क्रमशः १०० प्रतिशत, ५० प्रतिशत र ३० प्रतिशत छात्रवृत्ति प्राप्त गर्ने प्रतियोगिता संयोजक राजेन्द्र कपालीले जनाएका छन् । सहभागी टिमका प्रत्येक खेलाडीलाई पनि २० प्रतिशत छात्रवृत्ति प्रदान गरिने छ । ब्वाइजमा मनास्लुका निरन लामा तथा गल्समा बलर्सकी पेम्बा डोमा शेर्पा 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए । दुवैले १०० प्रतिशत छात्रवृत्ति पाउने छन् ।

विजेतालाई राष्ट्रिय महिला बास्केटबल टिमकी कप्तान सदिना श्रेष्ठ, सूर्योदय एडुकेसन फाउन्डेसनका अध्यक्ष लक्ष्यबहादुर केसी, प्यासिफिक हस्पिटालिटी क्युलीनरी एकेडेमी (पीएचसीएए) का प्रबन्ध निर्देशक सुशिल थापालगायलते एक कार्यक्रमबीच पुरस्कृत गरे ।

सो अवसरमा सूर्योदयले सदिनालाई १५ हजार नगदसहित सम्मान गरेको थियो । दुईदिने प्रतियोगिताको ब्वाइजमा २४ तथा गर्ल्समा १२ टिम सहभागी थिए ।

# फ्रान्सको राष्ट्रिय दिवसमा मोदी विशेष अतिथि

**पेरिस–** भारतका प्रधानमन्त्री नरेन्द्र मोदी यही असार २९ गते फ्रान्सको राष्ट्रिय दिवसका अवसरमा राजधानी पेरिसमा आयोजना हुने विशेष समारोहमा सहभागी हुने भएका छन् ।

समारोहमा प्रधानमन्त्री मोदीले विशेष अतिथिका रूपमा भाग लिने पेरिसस्थित भारतीय राजदूतावासले जनाएको छ । भारतका तीनवटा राफेल लडाकु विमान पनि सोही अवसरमा आयोजना हुने सैन्य परेडमा सहभागी हुनेछन् ।

बास्टिल डेका अवसरमा पेरिसको च्याम्प्स एलिसेसमा आयोजना हुने फ्लाइपास्टमा भाग लिन तीन वटा विमान पनि पेरिस आउने दूतावासले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । राफेल लडाकु विमान अन्य फ्रान्सेली विमानसँगै परेडमा उड्नेछन् । यसअघि एङ्ग्लो-फ्रान्सेली जगुआर लडाकु विमान परेडमा सामेल भएका थिए ।

प्रधानमन्त्री मोदीको यो भ्रमण फ्रान्स र भारतबीचको रणनीतिक साझेदारीको २५औं वार्षिकोत्सवका बेला हुन लागेको हो । भारतले अन्तिमपटक सन् २००९ मा परेडमा भाग लिएको थियो । त्यसबेला प्रधानमन्त्री मनमोहन सिंह भारतीय सैन्य दलसँगै सहभागी भएका थिए ।

प्रधानमन्त्री मोदीको भ्रमणबाट भारत-फ्रान्स रणनीतिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक र आर्थिक सहयोगका लागि नयाँ एवं महत्त्वाकांक्षी लक्ष्य निर्धारण गरेर द्विदेशीय रणनीतिक साझेदारी अर्को चरणमा प्रवेश गर्ने अपेक्षा गरिएको विज्ञप्तिमा उल्लेख छ ।

यसैबीच, फ्रान्सेली राष्ट्रपतिको कार्यालयका अनुसार राष्ट्रपति इम्यानुएल म्याक्रोँको निमन्त्रणालाई प्रधानमन्त्री मोदीले स्वीकार गरेका छन् । भारतका प्रधानमन्त्रीको भ्रमणले जलवायु परिवर्तन, जैविक विविधता संरक्षण तथा दिगो विकासका लक्ष्य हासिल गर्नेलगायत वर्तमान विश्वका चुनौतीको सामना गर्न साझा प्रयास प्रारम्भ गर्न अवसर जुटाउने विश्वास फ्रान्सले गरेको राष्ट्रपतिको कार्यालयले जारी गरेको वक्तव्यमा जनाइएको छ । *रासस/पिटिआई*

# चीनमा भीषण वर्षा, १५ जनाको मृत्यु

**बेइजिङ–** दक्षिणपश्चिम चीनमा भीषण वर्षाका कारण १५ जनाको मृत्यु भएको छ भने अन्य चारजना बेपत्ता भएका छन् ।

सोमबारदेखि परेको मुसलधारे वर्षाका कारण बुधबार बिहान ७:०० बजेसम्म दक्षिणपश्चिम चीनको चोङकिङ नगरपालिकामा १५ जनाको मृत्यु भएको छ र चार जना बेपत्ता भएका राज्य सञ्चालित समाचार समिति सिन्ह्वाले स्थानीय अधिकारीहरूलाई उद्धृत गर्दै जनाएको छ ।

मौसम विज्ञान विभागका अधिकारीहरूले मंगलबार मध्य र दक्षिणपश्चिम चीनका धेरै भूभागमा भीषण वर्षा हुने जनाउँदै सावधानी अपनाउन सर्वसाधारणमा अनुरोध गरेको थियो । वर्षाका कारण करिब ८५ हजार मानिस विस्थापित भएका छन् । छिमेकी सिचुआन प्रान्तमा पनि चार लाख ६० हजारभन्दा बढी सर्वसाधारण प्रभावित भएका छन् ।

राष्ट्रपति सी चिनफिङले सबै तहका अधिकारीहरूलाई जनताको सुरक्षा र सम्पत्तिको संरक्षणलाई उच्च प्राथमिकता दिन निर्देशन दिएका छन् । राष्ट्रपति सीले सबै तहका प्रमुख अधिकारीलाई बाढीबाट जनसाधारणलाई जोगाउन तथा जनताको सुरक्षा र सम्पत्तिलाई संरक्षणलाई प्राथमिकता दिँदै सबै प्रकारको क्षति घटाउने प्रयासमा सक्रिय रहन निर्देशन दिएको सिन्ह्वाले जनाएको छ । *रासस/एएफपी*

# श्रीलंकामा ५० हजारभन्दा बढी डेंगुका बिरामी

**कोलम्बो–** श्रीलंकामा यो वर्ष ५० हजारभन्दा बढी भेटिएका छन् । देशको स्वास्थ्य मन्त्रालयले बुधबार बिहानसम्मको तथ्यांक प्रस्तुत गर्दै ५० हजार २६४ जना डेंगुका बिरामी दर्ता भएका बताएको हो ।

गम्पाहा जिल्लामा सबैभन्दा धेरै बिरामी भेटिएका छन् । यो जिल्ला देशको सबैभन्दा बढी जनसंख्या भएको दोस्रो जिल्ला हो । स्वास्थ्य मन्त्रालयले डेंगुको उच्च जोखिममा रहेका ४३ वटा क्षेत्र पहिचान गरी लामखुट्टे उन्मूलन अभियान पनि सञ्चालन गरिरहेको जनाएको छ ।

यसैबीच जल तथा मौसम विज्ञान विभागले आगामी दिनमा भारी वर्षा हुने भएकाले लामखुट्टेको प्रजननलाई प्रोत्साहन गर्ने जनाउँदै सबैलाई सचेत रहन आग्रह गरेको छ । श्रीलंकामा गत वर्ष ७६ हजारभन्दा बढी डेंगुबाट पीडित भएका थिए । *रासस/सिन्ह्वा*

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सुचना प्रकाशित मिति :२०८०/०३/२१**

यस मछरिहवा मझरी सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७८/०७९ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको खयर जातको गोलिया थान १२५ को ३३०.७१ घ.फि., धौटी जातको गोलिया थान ३ को ३४.४७ घ.फि.गोलिया काठ तथा साल, सिसौ मिश्रीत २.०० चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ,दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस संबन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ । पूर्ण ब्यहोराको सूचना यस समुहको सुचना पाटीमा टांस गरिएको छ ।

**श्री मछरिहवा मझरी सामुदायिक वन उपभोक्ता समूह**
**बारबर्दिया नगरपालिका–२ कुमरागाँउ बर्दिया**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LG AGROTECH ENTERPRISE

पूर्व स्वीकृति मिति २०८०/०३/१० | LT. No: 288345 | चलानी नं.: ६०२०३७३५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | General Worker | 15 | 0 | 1500 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २८ गते (13th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GREEN HILL OVERSEAS PVT. LTD.**

Greenhill
श्रम ईजाजत नं. 1536/078/79

Purano Baneshwor-9,Bijay Chowk, Kathmandu, BAGMATI
Phone: 9818863167, 9749419416, 9851014815, 9803828661
Email:greenhilloverseas5@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JINAN FACTORY FOR FOOD PRODUCTS

पूर्व स्वीकृति मिति : २०७९/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२० | LT. No.268299 | चलानी नं. ६०१८५०५४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Building Worker | 4 | 0 | 1000 | ३५,९५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labor | 3 | 0 | 1000 | ३५,९५५ | | | | | | | |

कम्पनी : RK INDUSTRIAL SERVICES WLL

पूर्व स्वीकृति मिति : २०७९/१०/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२० | LT. No.280395 | चलानी नं. ६०१९५८९७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Labour | 5 | 0 | 1000 | ३५,९५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Tailor | 1 | 0 | 1100 | ३९,९५० | | | | | | | |
| 3 | Tailoring Master | 5 | 0 | 1800 | ६४,७१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २८/२९ गते (13/14th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**

श्रम ईजाजत नं. १०५०/०७३/०७४

Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com



## कुवेत/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KABAB ALBAGHDADI RESTAURANT COMPANY.

पूर्व स्वीकृति मिति : २०७८/०८/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२० | LT No.252140 | चलानी नं : ६०१६९०८२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Assistant Cook | 1 | 0 | 120 | ५१,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 1 | 0 | 90 | ३८,३०५ | | | | | | | |
| 3 | Driver | 2 | 0 | 130 | ५५,३३० | | | | | | | |
| 4 | Salad Maker | 2 | 0 | 110 | ४६,८१५ | | | | | | | |
| 5 | Tdc (Take Out Delivery Carriage) | 2 | 0 | 110 | ४६,८१५ | | | | | | | |
| 6 | Waiter | 1 | 0 | 110 | ४६,८१५ | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

कम्पनी : ALIGN ON DEMAND LABORS SUPPLY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८०/२/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२० | LT No.286602 | चलानी नं : ६०२०२०१३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 25 | 25 | 900 | ३१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Factory Worker | 50 | 0 | 900 | ३१,९४० | | | | | | | |
| 3 | Packer | 13 | 0 | 900 | ३१,९४० | | | | | | | |
| 4 | Stevedore | 20 | 0 | 1000 | ३५,४९० | | | | | | | |
| 5 | Ticket Collector | 25 | 25 | 1000 | ३५,४९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २८ गते (13th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**

श्रम ईजाजत नं. ७५१/०६४/०६५

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW MIEAD TRADING

पूर्व स्वीकृति मिति २०८०/०३/२० | LT. No. 288934 | चलानी नं. ६०२०४२६७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Salesman | 0 | 6 | 1800 | ६४,७१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Supervisor | 1 | 0 | 2800 | १०,०६७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २८ गते (13th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**

श्रम ईजाजत नं. १०००/०६८/०६९

Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PLL PACKAGING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१०/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२० | LT. No. 279673 | चलानी नं. ६०१७८४८८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 60 | 0 | 1500 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २८ गते (13th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DREAMLAND MANAGEMENT PVT.LTD.**
(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)

Govt. License 776/065/066

Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MATHEWS TRANSPORT TRADING & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०३/२० | LT. No. 288924 | चलानी नं. ६०२०४२५९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Driver | 1 | 0 | 1800 | ६४,७१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist | 0 | 1 | 1500 | ५३,९३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २८ गते (13th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ALL RAHIM MANPOWER PVT. LTD.**

श्रम ईजाजत नं. १२६४/०७४/०७५

Chandol-4, Chappalkarkhana, Kathmandu, Nepal Tel: +977-1-4544429,
Mob. 9851141406, 9803922236 E-mail: allrahimhr@gmail.com /
info@allrahimmanpower.com, Website : allrahimmanpower.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIANG KEE FARMING SDN

पूर्व स्वीकृति मिति:२०७९/०९/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२० | LT. No. 278147 | चलानी नं. ६०१९३७२२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Livestock Worker | 20 | 0 | 1500 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २८ गते (13th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Haya Recruitment Pvt. Ltd.**

श्रम ईजाजत नं. १०९३/०७३/०७४

Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610
E-mail : alhaya.recruitment@gmail.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर


पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११०४०० | प्रति तोला – १०९८५० | प्रति तोला – १३७५ |



**भूमिगत विद्युतगृहमा काम धमाधम** | तनहुँको ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको भूमिगत विद्युत्गृहमा धमाधम काम हुँदै । आयोजनाले तीन वटै प्याकेजका कामलाई तीव्रता दिएको छ । *तस्बिरः कृष्ण न्यौपाने/रासस*

# 'लक्षित राजस्व उठाउन जिम्मेवारीपूर्वक काम गर्नू'

■ प्रभाव संवाददाता



**काठमाडौं–** राजस्व उठाउने काममा जिम्मेवार र कर्तव्यनिष्ठ भएर लाग्न अर्थमन्त्री डा. प्रकाशशरण महतले कर्मचारीलाई निर्देशन दिएका छन् ।

आन्तरिक राजस्व विभागअन्तर्गत देशभरका कर कार्यालयका कर्मचारीलाई आज निर्देशन दिँदै अर्थमन्त्री महतले चालु आर्थिक वर्ष र आगामी आर्थिक वर्षको राजस्वको लक्ष्य पूरा गर्न कर्तव्यनिष्ठ भएर काम गर्न भनेका हुन् ।

कर्मचारी कर्तव्यबाट पन्छिन नहुने बताउनुहुँदै अर्थमन्त्री महतले सेवाग्राहीमाझ सहजरूपमा प्रस्तुत हुन पनि निर्देशन दिए । 'व्यक्तिगत सुविधा लिने र त्यसबापत राज्यले प्राप्त गर्ने करमा सम्झौता गर्ने काम नहोस् । राम्रो काम गर्ने कर्मचारीलाई धन्यवाद भन्न चाहन्छु', कर्मचारीलाई निर्देशन दिँदै अर्थमन्त्री डा. महतले भने ।

अहिले लक्ष्यअनुसार राजस्व उठ्न नसकेको बताउँदै उनले अर्थतन्त्रलाई गति दिनका लागि पनि राजस्व बढाउन आवश्यक रहेको बताए । 'अर्थ मन्त्रालयको सबैभन्दा ठूलो काम भनेको स्रोत जुटाउने हो । राज्यको सम्पूर्ण आवश्यकतालाई सम्बोधन गर्ने स्रोत जुटाउने जिम्मेवारीमा हामी छौँ । अहिले संकलन भइरहेको राजस्वले पुगिरहेको छैन । यसलाई बढाउनुपर्ने आवश्यकता छ', अर्थमन्त्री डा महतले भने, 'तलब भत्ता, सामाजिक सुरक्षा र पुँजीगत खर्चको आवश्यकता राजस्वले योगदान दिन सकोस् भन्ने हामी चाहन्छौँ । यद्यपि हामीले त्यो पूरा गर्न सकिरहेका छैनौँ ।'

भन्सारमा आधारित राजस्व नीतिले अर्थतन्त्रलाई सुधार गर्न नसक्ने र सार्वजनिक ऋणको सही सदुपयोग गर्ने विषयमा सरकार स्पष्ट रहेकाले सोही नीतिअनुसार काम गर्न पनि उनले निर्देशन दिएका छन् ।

'सधैँ भन्सारमा आधारित राजस्वमा निर्भर हुन सकिँदैन । आन्तरिक ऋण र विदेशबाट प्राप्त हुने ऋण उत्पादनमुखी क्षेत्रमा लगानी हुनुपर्छ', उनले भने, 'त्यसकारण आन्तरिक राजस्वलाई कसरी विस्तार गर्ने भन्ने विषयमा चासो र चिन्ता छ । यसमा आन्तरिक राजस्व विभागको भूमिका महत्वपूर्ण हुन्छ ।'

आन्तरिक राजस्वको दायरा वृद्धि अर्थतन्त्रलाई चलायमान बनाउनुपर्ने र करको दायरामा आउन नसकेका अनौपचारिक क्षेत्रलाई करको दायरामा ल्याउनुपर्ने उनको भनाइ छ । मूल्य अभिवृद्धि कर (भ्याट) मा दिइएको छुट खारेजपछि राजस्व संकलन बढेको पनि अर्थमन्त्री महतको दाबी छ ।

'हामीले धेरै नयाँ कर प्रस्ताव गरेका छौँ । नेपालमा भ्याट लाग्न थालेपछि हाम्रो करको दायरा बढ्यो । पछिल्लो समय भ्याटको दायरा खुम्चाउँदै लगियो । यसले पनि समस्या ल्याउँदै गएको थियो', अर्थमन्त्री महतले भने, 'कतिपय वर्ग आयकरको दायरमा आउन चाहँदैन ।'

# नेप्सेमा दोहोरो अंकको गिरावट

## ३९.२६ अंकले नेप्से घट्दा ३ अर्ब बढीको कारोबार

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेप्से परिसूचकमा उच्च अंकको गिरावट देखिएको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३९ दशमलव २६ अंकले घटेर दुई हजार ४९ दशमलव २६ अंकमा सीमित भएको छ ।

विभिन्न कम्पनीका दुई सय ७७ वटा कम्पनीको ८० लाख ९२ हजार नौ सय ६९ कित्ता सेयर ५३ हजार एक सय तीन पटक खरिदबिक्री हुँदा रू तीन अर्ब सात करोड ३९ लाख ९२ हजार एक सय ३६ बराबरको कारोबार भएको छ ।

बुधबारको कारोबारमा सेन्सेटिभ र फ्लोट इन्डेक्ससहित सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक चार सय नौ दशमलव ७६ र निर्जीवन बीमा समूहको उपसूचक तीन सय १० दशमलव ८५ अंकले घटेको छ ।

बैंकिङ समूह १० दशमलव ९९, विकास बैंक ६३ दशमलव २९, वित्त समूह २० दशमलव ०४, होटल तथा पर्यटन समूह ८८ दशमलव २८, जलविद्युत् समूह ५६ दशमलव ३६ अंकले घटेको छ । त्यस्तै, लगानी एक दशमलव ६०, उत्पादन तथा प्रशोधन एक सय पाँच दशमलव ८०, लघुवित्त ८६, म्युचअल फन्ड शून्य दशमलव ०३, व्यापार समूह ३२ दशमलव १५ र अन्य समूह ३६ दशमलव ६९ अंकले घटेको छ ।

सिटी होटल लिमिटेड र रावा इनर्जी डेभलपमेन्ट लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड र मोदी इनर्जी लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकम र कारोबार भएका सेयर सफ्याका आधारमा शिवम् सिमेन्ट लिमिटेडको रू १६ करोड ४९ लाख १२ हजार पाँच सय ९६ बराबरको दुई लाख ७६ हजार तीन सय २० कित्ता सेयर किनबेच भएको छ ।

# १० अर्बको विकास ऋणपत्र आउँदै

**काठमाडौं (प्रस)–** नेपाल राष्ट्र बैंकले यही असार २१ गते रू १० अर्बको विकास ऋणपत्र जारी गर्ने भएको छ । सरकारले आन्तरिक ऋण उठाउने उपकरणका रूपमा विकास ऋणपत्र प्रयोग गर्दै आएको छ ।

सरकारको तर्फबाट राष्ट्र बैंकले बोलकबोलमार्फत् विकास ऋणपत्र २०८६ 'च' निष्काशन गर्न लागेको हो । छ वर्षे अवधिको यो विकास ऋणपत्र बैंक तथा वित्तीय संस्था, गैर-बैंक वित्तीय संस्था, बीमा कम्पनी, सङ्गठित संस्था तथा सर्वसाधारण नागरिकलेसमेत खरिद गर्न सक्नेछन् । यो ऋणपत्रको ब्याजदर बोलकबोल प्रक्रियाबाट निर्धारण हुनेछ भने ब्याजदर अर्धवार्षिक रूपमा भुक्तानी गरिने राष्ट्र बैंकले जनाएको छ ।

यो ऋणपत्र धितो राखी कर्जासमेत लिन पाइनेछ । ऋणपत्र निष्काशित रकमको ८५ प्रतिशत प्रतिस्पर्धी र १५ प्रतिशत अप्रतिस्पर्धी रूपमा बिक्री गरिने राष्ट्र बैंकले जनाएको छ । 'अप्रतिस्पर्धी बोलबालालाई छुट्याइएको रकमको लागि पूरा बोल प्राप्त नभएमा बाँकी हुन आउने रकम प्रतिस्पर्धी बोलबालालाई बिक्री गरिनेछ । अप्रतिस्पर्धी बोलबालालाई छुट्याइएको रकमभन्दा बढी रमकको बोल प्राप्त हुन आएमा बोलबालालाई समानुपातिक रूपमा उक्त ऋणपत्रको रकम बाँडफाँट गरिनेछ', राष्ट्र बैंकको सूचनामा भनिएको छ ।

त्यस्तै, ब्याजदर निर्धारण गर्दा बोलबालाले कबोल गरेको ब्याजदरलाई सानादेखि ठूलो क्रममा मिलाएर राखी बाँडफाँट गरिने रकमसम्ममा कायम भएको कटअफ् ब्याजदरलाई एकल ब्याजदर कायम गरिनेछ । यसरी कायम भएको एकल ब्याजदरमा ऋण उपलब्ध गराइने जनाइएको छ । ऋणपत्रका लागि घटीमा रू ५० हजार र बढीमा कुल निष्काशित रकमको सीमामा नबढाइ रू ५० हजारले भाग गर्दा निःशेष भाग जाने अंकका लागि आवेदन दिन पाइनेछ ।

## कर्पोरेट

### एनएमबि क्यापिटलको एसआइपी खुल्दै

**काठमाडौं (प्रस) –** एनएमबि क्यापिटल लिमिटेडको सिस्टेमेटिक इन्भेष्टमेन्ट प्लान (एसआइपी) अन्तर्गत इकाईधनीहरूले अब एक पटक सेटअप गरेको आधारमा भुक्तानीका लागि एसआइपीमा लगानी गर्न सक्ने भएका छन् ।

एनएमबि क्यापिटल र एनसीएचएल बीच भएको सम्झौता अनुसार एनएमबि क्यापिटलका इकाईधनीहरूले एसआइपीमा आफ्नो मासिक वा त्रैमासिक लगानी गर्दा, लगानी गर्ने रकम एक पटक अनलाइन इ-मेन्डेट भरी लगानी रकम तोकिएको समय अन्तरालमा स्वचालित रूपमा भुक्तानी गर्न सक्नेछन् ।

एनएमबि क्यापिटलको एसआइपी अन्तर्गत खुलामुखी योजना अनुसार मासिक वा त्रैमासिक रूपमा निश्चित रकम लगानी गर्न सकिन्छ । लगानीको बानी विकास गर्ने गरी, स-सानो रकमको लगानी समेतमा कम्पाउण्डिङ्ग रिटर्नको लाभ लिन मिल्ने गरी एसआइपीमा लगानी गर्न सकिन्छ । आफूले चाहे अनुसार लगानी रकम र समय अवधि थपघट गर्न सकिने हुँदा, एसआइपी मार्फत् लगानी गर्नेहरूको संख्या उल्लेख्य वृद्धि हुँदै गएको देखिन्छ । एसआइपी सम्बन्धी थप जानकारी र लगानीको लागि एनएमबी बैंकको वेभसाइटमा गई एसआइपीमा आवद्ध हुन वा भुक्तानी गर्न सकिन्छ साथै उक्त लगानी गर्न इ-मेन्डेटको प्रयोगले अब ग्राहकलाई पटक पटक भुक्तानी समय सम्झिने झन्झटबाट समेत मुक्त गर्ने अपेक्षा गरिएको छ ।

एनसीएचएलले सञ्चालन गर्दै आएको रिटेल पेमेन्ट स्वीच अन्तर्गत डाइरेक्ट डेबिट भुक्तानी उपकरणको इ-मेन्डेटमार्फत कुनैपनि किसिमको सेड्युल्ड पेमेन्टलाई एक पल्टको सेटअपको आधारमा अटोमेट गर्न सकिन्छ । डाइरेक्ट डेबिट इ-मेन्डेट प्रयोग गरी विभिन्न सेवा प्रदायक संस्था तथा निकायहरूले उक्त भुक्तानी उपकरण प्रयोग गरी विभिन्न सेवा प्रदायक संस्था तथा निकायहरूले उक्त भुक्तानी उपकरण प्रयोगमा ल्याउने क्रम जारी गरेको छ ।

### नेपाल एसबिआईले ऋणपत्र निष्कासन गर्ने

**काठमाडौं (प्रस) –** नेपाल एसबिआई बैंक लि.ले २ अर्ब रूपैयाँ बराबरको ऋणपत्र निष्कासन गर्नका लागि नियामक निकाय नेपाल धितोपत्र बोर्ड (सेबोन) मा अन्तिम स्वीकृतिको लागी पेश गरेको छ । कम्पनीले २० लाख कित्ता ऋणपत्र निष्कासन गर्न यही असार १७ गते सेबोनमा स्वीकृतिको लागी पेश गरेको हो । ऋणपत्र निष्कासन गर्न विक्री प्रवन्धकमा एनएमबी क्यापिटल लिमिटेड रहेको छ ।

कम्पनीले आगामी १० वर्षसम्मको लागी बार्षिक ९ प्रतिशत ब्याजदरमा ऋणपत्र निष्कासन गर्न लागेको हो । कम्पनीले कूल कित्तामध्ये ८ लाख कित्ता सर्वसाधारणको लागी र १२ लाख कित्ता ऋणपत्र व्यक्तिगत तवरबाट विक्री गर्नेछ ।

## अत्यन्त जरूरी सूचना

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **प्रभाव दैनिक** पत्रिकामा विज्ञापन प्रकाशित गर्नुभएको सम्पूर्ण विज्ञापनदाता, म्यानपावर संघ-संस्थाहरूले विज्ञापन प्रकाशित गरे बापतको बाँकी वक्यौता रकम यहि २०८० साल असार मसान्तभित्र भुक्तानी गरी आफ्नो हरहिसाब मिलान गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
काठमाडौं-७, सिफल, नेपाल
फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ